जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १३२ • २०८३ साल आश्विन १३ गते मंगलबार (29 September, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–


## असोज २४ देखि सस्ता बजार



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष झैं यसवर्ष पनि वडादशैंको अवसरमा जनकपुरधाम उद्योग वाणिज्य संघद्वारा गोपाल धर्मशालामा सहज र सहुलियत दरको सस्ता बजार संचालन गर्ने भएको छ ।

संघको बैठकले बडादशैं, दीपावली तथा छठ पर्वलाई लक्षित गर्दै जनकपुरधामको गोपाल धर्मशालामा हाटबजार सञ्चालन गर्ने निर्णय गरिएको कुरा सोमवार एक कार्यक्रम आयोजना गरी जनाकारी गराइएको हो ।

यसवर्ष असोज २४ गतेदेखि कार्तिक ४ गतेसम्म सञ्चालन गर्ने निर्णय गरिएको जनाइएको छ । अन्य वर्ष ८ दिनको हुने यसवर्ष ११ दिनसम्म घटस्थापनादेखि दशमीसम्म सञ्चालन हुने जनाइएको छ । चाडपर्वका बेला बजारमा उपभोक्ताको चाप बढ्ने र दैनिक उपभोग्य वस्तुको मागसमेत बढ्ने भएकाले सहज आपूर्तिका लागि सस्ता बजार प्रत्येक वर्ष झैं यसवर्ष पनि सञ्चालन गर्न लागिएको संघले जनाएको छ ।

सस्ता बजार सफलतापूर्वक सञ्चालका लागि संघले विभिन्न उपसमितिहरु समेत गरेको छ । सञ्चालन तथा व्यवस्थापनका लागि संरक्षक तथा सल्लाहकार समिति र आपूर्ति तथा अनुगमन, प्रचार प्रसार, स्टल व्यवस्था, गुणस्तर तथा मूल्य निर्धारण लगायतका उपसमिति समेत गठन गरिएको छ ।

आपूर्ति तथा अनुगमन उपसमितिको संयोजकमा सहायक प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरिएको छ । समितिमा उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरू, स्थानीय प्रशासन र सम्बन्धित सरकारी तथा व्यावसायिक निकायका प्रतिनिधिहरू सहभागी रहने निर्णयमा उल्लेख छ ।

### मधेसको सार्वजनिक वित्त व्यवस्थापनमा सुधारको खाँचो

## पीएफएम मूल्याङ्कनमा 'डी प्लस'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा सुधारका खाँचो रहेको औँल्याइएको छ । प्रदेश सरकारको सार्वजनिक वित्त व्यवस्थापन (पीएफएम) प्रणालीबारे गरिएको मूल्यांकनमा मधेश 'डि प्लस' रैकिँगमा आएको हो ।

मधेश प्रदेश सरकारको गरिएको वित्तिय मूल्यांकनले समग्र कार्यसम्पादनमा 'डी प्लस' अंक देखाउँदै वित्तीय अनुशासन, बजेट कार्यान्वयन, सार्वजनिक लगानी र सेवा प्रवाहमा सुधार आवश्यक रहेको औँल्याएको हो ।


प्रदेश सरकार, एसियाली विकास बैंक (एडीबी) र नेपाल आर्थिक पत्रकार समाज (सेजन)को संयुक्त आयोजनामा जनकपुरधाममा आयोजित कार्यक्रममा मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिएको हो ।

प्रतिवेदन सार्वजनिक गर्दै मुख्यमन्त्री कृष्णप्रसाद यादवले अध्ययनले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनको वास्तविक अवस्था तथ्य र प्रमाणका आधारमा उजागर गरेको बताए । उनका अनुसार अब पहिचान भएका कमजोरीलाई सुधार योजनामा रूपान्तरण गर्नु प्रदेश सरकारको प्राथमिकता हुनेछ ।

उनले बजेटको विश्वसनीयता, सार्वजनिक लगानी व्यवस्थापन, नागरिक सहभागिता तथा राजस्व र खर्च व्यवस्थापनलाई सुधारका प्रमुख क्षेत्रका रूपमा उल्लेख गरे ।

प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले प्रतिवेदनले प्रदेशको वित्तीय कार्यसम्पादनको तथ्यमा आधारित अवस्था देखाएको बताए । उनका अनुसार बजेट कार्यान्वयन, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, वित्तीय प्रतिवेदन तथा अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउन प्रतिवेदन उपयोगी आधार बन्नेछ ।

**३२ सूचक र ९८ आयाममा मूल्यांकन**



अन्तर्राष्ट्रिय रूपमा मान्य सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी मापदण्डका आधारमा गरिएको अध्ययनले आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्मको अवस्थालाई समेटेको छ ।

मूल्याङ्कनमा ३२ वटा कार्यसम्पादन सूचक र ९८ वटा आयामलाई आधार बनाइएको थियो । सूचकका आधारमा प्रदेशले समग्रमा 'डी प्लस' प्राप्त गरेको छ भने आयाम तहमा 'डी' सबैभन्दा धेरै देखिएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले भने प्रदेशको राजस्व तथा खर्चतर्फ अपेक्षित वास्तविक उपलब्धि हासिल हुन नसकेको देखाएको छ । बजेट निर्माण र सार्वजनिक लगानी योजनामा नागरिक तथा सरोकारवालाको सहभागिता सीमित रहेको तथा बजेटबाहिर रहेका निकायको वित्तीय अनुगमन पर्याप्त नभएको अध्ययनले औँल्याएको छ । सेवा प्रवाहसम्बन्धी सूचना सीमित हुनु पनि सुधार गर्नुपर्ने पक्षका रूपमा देखिएको छ ।

त्यसैगरी सार्वजनिक लगानी व्यवस्थापन, कर जोखिम व्यवस्थापन र पारिश्रमिक नियन्त्रणमा कमजोरी रहेको प्रतिवेदनमा उल्लेख छ । सार्वजनिक खरिदको अनुगमन विभिन्न निकायमा खण्डीकृत रहेको तथा लेखापरीक्षण प्रतिवेदनमाथि प्रदेशसभाबाट समीक्षा हुन ढिलाइ हुने गरेको पनि अध्ययनले देखाएको छ ।

प्रदेशका अर्थ मन्त्रालयका सचिव सेवन्तक पोखरेलले मूल्याङ्कनबाट देखिएका कमजोरीलाई सुधारको प्राथमिकतामा राखिने बताए । उनले बजेटको विश्वसनीयता बढाउने, सार्वजनिक लगानी व्यवस्थापन सुधार गर्ने र राजस्व तथा खर्च प्रणालीलाई प्रभावकारी बनाउने विषयलाई प्राथमिकता दिनुपर्ने बताए । एडीबी नेपालका कन्ट्री डाइरेक्टर अर्नो काउश्वाले मूल्याङ्कन पूरा हुनु सुधार प्रक्रियाको अन्त्य नभई नयाँ चरणको सुरुआत भएको बताए । उनका अनुसार अध्ययनबाट प्राप्त निष्कर्ष र अंकलाई अब स्पष्ट कार्ययोजना, प्राथमिकता र मापन गर्न सकिने सुधारका लक्ष्यमा बदल्न आवश्यक छ ।

सार्वजनिक वित्त व्यवस्थापन बलियो हुँदा करदाताको रकमको प्रभावकारी उपयोगसँगै गुणस्तरीय सार्वजनिक सेवा, आर्थिक अवसर र नागरिकको जीवनस्तर सुधारमा योगदान पुग्ने उनले बताए ।

एडीबी मनिलास्थित सार्वजनिक क्षेत्र तथा सुशासन क्षेत्र विभागकी निर्देशक छिडेम अकिनले पीएफएम मूल्याङ्कनले बजेटको विश्वसनीयता, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन सुधार गर्न सहयोग पुग्ने बताइन् ।

प्रदेश सरकारले मूल्याङ्कन प्रतिवेदनलाई आगामी वित्तीय सुधारको आधार दस्तावेजका रूपमा प्रयोग गर्ने जनाएको छ । प्रतिवेदनमा औँल्याइएका क्षेत्रलाई प्राथमिकताका आधारमा वर्गीकरण गरी चरणबद्ध सुधार कार्यक्रम बनाउने सरकारको तयारी छ ।


प्रदेश सरकारले वित्तीय अनुशासन मजबुत बनाउने, बजेटको विश्वसनीयता बढाउने, सार्वजनिक सेवा प्रवाह सुधार गर्ने र सार्वजनिक खर्चबाट अधिकतम प्रतिफल अर्थात् 'भ्यालु फर मनी' सुनिश्चित गर्ने लक्ष्य अघि सारेको छ ।

मधेस प्रदेशको अर्थ मन्त्रालयको नेतृत्वमा सम्पन्न मूल्याङ्कनमा एडीबीको प्राविधिक सहयोग तथा नेपाल सरकारको अर्थ मन्त्रालयअन्तर्गत वित्तीय संघीयता समन्वय महाशाखासँग समन्वय गरिएको थियो । मूल्यांकन प्रक्रियामा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी)ले पनि सन् २०२५ जनवरीसम्म सहयोग गरेको थियो ।

## वर्षेणी रेबिज प्रभावितको संख्या बढ्दै, खोपको चरम आभाव

**टुडे समाचारदाता**

काठमाण्डू । नेपालमा रेबिजको प्रभाव दिनानुदिन बढदै गएको छ । जनावरले मानिसलाई टोक्ने क्रम बढदै गएपछ खोपको आभाव समेत बढेको छ । प्रत्येक वर्ष मागअनुसार आपूर्ति हुन नसक्नु र कहिलेकाहीँ खोप खेर जानुले प्रभावितहरूले समयमै खोप पाउन नसकेको पाइएको छ ।



पछिल्लो पटक स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले आर्थिक वर्ष २०८१/८२ मा प्रत्येक प्रदेशका स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई दुई लाख ६४ हजार भाइल रेबिजविरुद्धको खोप पठाएको थियो । सो अवधिमा २ लाख २१ हजारभन्दा बढी मानिसलाई जनावरले टोकेको थियो । एक जना संक्रमितका लागि कम्तीमा तीन भाइल खोप आवश्यक पर्ने भए पनि करिब एक लाख भाइल खोप अपुग भएको थियो ।

विभागअन्तर्गत आपूर्ति व्यवस्थापन शाखाका प्रमुख दयानिधि पन्तले प्रदेशहरूको माग बमोजिम नै खोप पठाउने गरिएको बताए । उनले भने, 'आवश्यकता अनुसार स्थानीय तहमा पनि खोप पठाउँछौं । स्वास्थ्य संस्थामा एक जना मात्र सेवाग्राही आए पनि खोपको भाइल खोल्नुपर्ने भएकाले बाँकी डोज खेर जान्छ । त्यसकारण पनि खोप अपुग देखिएको हो ।'

नेपालमा जनावरको टोकाइ र रेबिज रोगको जोखिम लगातार बढ्दै गएको तथ्याङ्कले देखाउँछ । आर्थिक वर्ष २०७९/८० मा देशभर १ लाख १९ हजार ३ सय ९२ वटा टोकाइका घटना दर्ता भएकोमा २०८०/८१ मा यो सङ्ख्या बढेर २ लाख १० हजार ३ सय १ पुगेको थियो । पछिल्लो आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा टोकाइका कुल घटना २ लाख २३ हजार ५ सय १० पुगेका छन् ।

स्वास्थ्य सेवा विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार प्रदेशगत आधारमा हेर्दा २०८१/८२ मा सबैभन्दा बढी बागमती प्रदेशमा ८० हजार १ सय ८५ जनावरको टोकाइका घटना दर्ता भएका छन् ।

यस्तै, कोशी प्रदेशमा ४२ हजार ९ सय ४, लुम्बिनी प्रदेशमा ३७ हजार १ सय ३५, मधेस प्रदेशमा २१ हजार ८०, गण्डकी प्रदेशमा १९ हजार २२, सुदूरपश्चिम प्रदेशमा १७ हजार ७ सय २८ र कर्णाली प्रदेशमा ५ हजार ४ सय ५६ वटा घटना अभिलेख गरिएका छन् ।

> डा. पोखरेलका अनुसार नेपालको कुल जनसंख्याको करिब ५० प्रतिशत हिस्सा उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गर्छ, जसमा बालबालिकाहरु बढी प्रभावित हुने गरेका छन् ।

महाशाखाअन्तर्गत जुनोटिक तथा अन्य सरुवा रोग नियन्त्रण शाखाका प्रमुख डा. अमृत पोखरेलले नेपालमा रेबिजको मुख्य स्रोत र जोखिमका कारणहरूबारे अध्ययन गर्दा कुकुरको टोकाइ नै सबैभन्दा ठुलो कारक देखिएको बताए । उनले भने, 'कुल जनावरको टोकाइमध्ये करिब ९६ प्रतिशत घटना कुकुरकै कारण हुने गरेका छन् । यस रोगका कारण नेपालमा वार्षिक रूपमा करिब १०० जनाको मृत्यु हुने गरेको छ ।'

डा. पोखरेलका अनुसार नेपालको कुल जनसंख्याको करिब ५० प्रतिशत हिस्सा उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गर्छ, जसमा बालबालिकाहरू बढी प्रभावित हुने गरेका छन् ।

रेबिजको जोखिमस्तर र भौगोलिक वितरणलाई हेर्दा देशलाई न्यून, मध्यम र उच्च जोखिम क्षेत्रमा वर्गीकरण गरिएको छ । तराई तथा दक्षिणी भूभाग उच्च जोखिम क्षेत्रमा पर्छन् भने मध्यपहाडी भाग मध्यम र हिमाली क्षेत्र न्यून जोखिमको सूचीमा रहेका छन् ।

उच्च तथा मध्यम जोखिमयुक्त क्षेत्रका बासिन्दाका लागि समयमै उपचार तथा खोप सेवाको ठुलो आवश्यकता देखिएको छ । यो जोखिम न्यूनीकरण गर्न र टोकाइपछिको रेबिजविरुद्धको खोप सेवा सहज बनाउन देशभर कुल २८६ वटा सेवा केन्द्रहरू सञ्चालनमा रहेका छन् ।

प्रदेशगत आधारमा कर्णालीमा ५८, कोशीमा ५४, गण्डकीमा ४८, लुम्बिनीमा ४३, बागमतीमा ३५ तथा मधेस र सुदूरपश्चिम प्रदेशमा २४-२४ वटा एआरभी (एन्टी-रेबिज भ्याक्सिन) सेवा केन्द्रहरू स्थापना गरिएका छन् । नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजजन्य मृत्युदरलाई शून्यमा झार्ने लक्ष्य राखेको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. अनुप बास्तोलाका अनुसार सो अस्पतालमा मात्रै वार्षिक १६ देखि १८ जनासम्म रेबिज संक्रमितको मृत्यु हुने गरेको तथ्याङ्क छ । करिब ९९ प्रतिशत रेबिज कुकुरको टोकाइबाटै हुने भएकाले समयमै सावधानी र सही उपचार नपाउँदा बिरामीले ज्यान गुमाउने गरेको सरुवा रोग विशेषज्ञहरू बताउँछन् ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. अनुज भट्टचनका अनुसार पनि मानव रेबिजका करिब ९९ प्रतिशत घटना कुकुरसँग नै सम्बन्धित छन् । उनले उच्च जोखिममा रहेका नागरिक, विशेष गरी बालबालिकालाई लक्षित गरी देशभरका २८६ वटा सेवा केन्द्रमार्फत रेबिजविरुद्धको खोप सेवा प्रभावकारी बनाउने प्रयास भइरहेको बताए ।

चिकित्सकहरूका अनुसार कुकुर, बिरालो वा अन्य सम्भावित रेबिज संक्रमित जनावरले टोकेमा वा चिथोरेमा घटनालाई सामान्य ठानेर उपचारमा ढिलाइ गर्नु हुँदैन । यस्तो अवस्थामा घाउलाई साबुन र बगिरहेको पानीले कम्तीमा १५ मिनेटसम्म राम्ररी धुनुपर्छ र घाउमा खुर्सानी, तेल, माटो, जडीबुटी वा अन्य कुनै पनि घरेलु पदार्थ लगाउनु हुँदैन ।




# लालपुर्जा हातमा, जमिन बलानमा



राजविराज । सप्तरीको बलानविहुल गाउँपालिका-४ का रामविलास यादवको हातमा एक बिघा जमिनको लालपुर्जा छ। कागजमा उहाँ अहिले पनि एक बिघा जमिनको धनी हुनुहुन्छ तर त्यो जमिन कहाँ छ भनेर देखाउन उहाँसँग अब कुनै ठाउँ नै छैन। वर्षौंदेखि अन्न उब्जाउँदै आएको खेत अहिले बलान नदीको भेलमा हराएको छ।

यादवका लागि लालपुर्जा अहिले सम्पत्तिको प्रमाणभन्दा बढी विगतको सम्झना बनेको छ। गत भदौ महिनामा स्थानीय बलान नदीमा आएको बाढीले उहाँको नदी किनारमा रहेको खेतीयोग्य जमिन कटान गरेपछि परिवारको जीविकोपार्जनको आधार नै खोसिएको बताउनुहुन्छ। "बाढी आएपछि हेर्न पुग्दा तीन-चार कठ्ठा जमिन बाढीले लगिसकेको थियो, हेर्दाहेर्दै थप जमिन पनि बगायो",उहाँ भन्नुहुन्छ,"जमिन जोगाउने कुनै प्रयास गर्न सकिएन, सबै जमिन बाढीले स्वाहा बनायो।"

उहाँको परिवारले पुस्तौंदेखि त्यही जमिनमा अन्न उब्जाउँदै आएको थियो। धान, गहुँ र अन्य बालीले घरको चुलो बल्थ्यो। खेतमा बाली हुर्कदा परिवारको भविष्य सुरक्षित भएको महसुस हुन्थ्यो। तर, बलान नदीले खेतको डिल काट्दै जाँदा अहिले त्यही भविष्य पनि अनिश्चित बनेको छ। "अब कसरी परिवारको गुजारा चलाउने भन्ने चिन्ताले पिरोल्न थालेको छ," यादवले भन्नुहुन्छ,"परिवारको गुजारा चलाउने एउटा मात्र आधार थियो, खेतीपाती गर्ने, त्यो पनि बगरमा परिणत भएपछि सुकुम्बासी बन्ने चिन्ता बढेको छ।" एकातिर नदीको बहाव बढ्दै गएको छ भने अर्कोतिर किसानको खेत घट्दै गएको छ।

"बलान नदीले हामीलाई सुकुम्बासी बनाइदियो," स्थानीय मो. नाजिर भन्नुहुन्छ," हाम्रो लागि खेत केवल जमिन होइन, त्यो परिवारको रोजगारी, खाद्यान्नको स्रोत, सामाजिक प्रतिष्ठा र भविष्यको आधार हो।" जब खेत नदीमा मिसिन्छ, त्यससँगै किसानको आम्दानी, आत्मनिर्भरता र सामाजिक हैसियतसमेत प्रभावित हुन्छ। स्थानीय मो. हन्सु मियाँको परिवार कुनै समय गाउँकै सम्पन्न परिवारका रूपमा चिनिन्थ्यो। परिवारसँग करिब ८० बिघाको एउटै प्लट जमिन थियो। त्यही जमिनमा खेती हुन्थ्यो। उत्पादनले परिवारको जीवन सहज रूपमा चल्थ्यो। आज त्यही ८० बिघा जमिनको ठूलो हिस्सा बलान नदीमा परिणत भएको मो. हन्सु मियाँ बताउनुहुन्छ।

बलान बिहुल गाउँपालिका-४ का पूर्व वडाध्यक्ष समेत रहनुभएका हन्सु मियाँका अनुसार नदी कटानका कारण परिवारको पुस्तौंदेखिको सम्पत्ति क्रमशः हराउँदै गएको हो। "हाम्रो सबै जग्गा नै बाढीले कटान गरी नदीमा परिणत गरिसकेको छ, अहिले हामी सुकुम्बासी बन्ने अवस्थामा पुगेका छौं," उहाँ भन्नुहुन्छ, "असी बिघा जमिनको मालिक परिवार अहिले आफ्नो जमिन जोगाउन नसक्ने अवस्थामा पुगेका छौं, जमिनको लालपुर्जा र वास्तविक भूगोलबीचको सम्बन्ध कमजोर हुँदै गएको छ।"

रामविलास, नाजिर र हन्सुको कथा केबल परिवारको मात्र होइन। बलान नदी किनारमा बस्ने किसानका लागि यो साझा पीडा बन्दै गएको छ। सो ठाउँका धेरै किसानको कथा उस्तै छ। कुनै समय हरियालीले ढाकिएका खेत अहिले बलान नदीको धारमा परिणत भएका छन्।

स्थानीय गौरी यादवका अनुसार करिब एक दशकअघिसम्म पश्चिमबाट बग्ने बलान नदी पछिल्ला वर्षहरूमा विस्तारै धार परिवर्तन गर्दै पूर्वतर्फ मोडिएको हो। सुरुमा नदीले केही कठ्ठा जमिन काट्यो। त्यसपछि कटानको दायरा बढ्दै गयो। वर्षायाममा आएको ठूलो बाढीले कटानलाई झन् तीव्र बनाउँदै गएको यादवको भनाइ छ। "केही वर्षअघिसम्म यस क्षेत्रमा धान र गहुँका बाला झुल्थे, किसान बिहान खेत पुग्थे, बाली हेर्थे, सिँचाइ गर्थे। मौसमअनुसार खेती गर्थे र उत्पादनबाट परिवारको गुजारा चलाउँथे", यादव भन्नुहुन्छ,"अहिले त्यही ठाउँमा नदी बग्छ, खेती गर्ने जमिन बगरमा परिणत भइसकेको छ।"

बलान नदीले धार परिवर्तन गरेपछि खेतीयोग्य जमिनमा कटानसँगै नदीको धार गाउँतर्फ सर्दै जाँदा बस्तीसमेत जोखिममा परेको छ। स्थानीय रामशङ्कर भण्डारीका अनुसार गत बर्ष आएको बाढीपछि नदीले ठूलो क्षेत्र कटान गरेको थियो। सडकको पश्चिम भागमा रहेको बस्तीलाई सडकको पूर्वतर्फ सारिएको थियो तर नदीको धार फेरि गाउँतर्फै मोडिएपछि विस्थापनको जोखिम कायम छ।

धार परिवर्तन गर्नुअघि यहाँ घना बस्ती थियो, धार परिवर्तन भएपछि बस्तीलाई करिब सय मिटर पर सारिएको थियो तर पनि अहिले स्थानीयहरु पूर्णरूपमा सुरक्षित महसुस गर्न सकिएको छैनन्। "यसले एउटा गम्भीर प्रश्न उठाएको छ, बाढीबाट बच्न मानिसले बस्ती सार्ने कि नदी नियन्त्रण गरेर नदीलाई आफ्नो प्राकृतिक धारमा फर्काउने ?", भण्डारी भन्नुहुन्छ,"नदी किनारका किसानका लागि बाढी हरेक वर्ष दोहोरिने त्रास हो, पहिले बाढी आउँदा किसानको पहिलो चिन्ता बाली जोगाउने हुन्थ्यो। अहिले बाढी आउँदा घर, परिवार र बालबालिका जोगाउने चिन्ता सुरु हुन्छ।"

पूर्व वडाअध्यक्ष मो. हन्सुका अनुसार नदीको कटान रोक्ने स्थायी उपाय नहुँदा किसान निरीह बनेका छन्। "अहिले पनि डुबान र कटानबाट खेत जोगाउन हामीसँग कुनै उपाय छैन। प्रशासनदेखि नेतासम्मलाई गुहार्दा पनि रोकथाम र नियन्त्रणको काम हुन नसक्दा वर्षैपिच्छे यहाँको खेत नदीले निल्दैछ," उहाँले भन्नुभयो। उहाँका अनुसार पछिल्लो बाढीले मात्रै करिब तीन सय बिघा खेतीयोग्य जमिन कटान गरेको अनुमान छ। यो तथ्याङ्क आधिकारिक रूपमा पुष्टि हुन बाँकी भए पनि नदी कटानको भयावहता बुझ्न पर्याप्त रहेको स्थानीयहरु बताउनुहुन्छ।

बलान नदीको कटान रोक्न जलस्रोत तथा सिँचाइ कार्यालय सप्तरीले उपभोक्ता समिति मार्फत गत आर्थिक वर्ष २०८०/८१ मा तटबन्ध निर्माण गरेको थियो। तटबन्ध बनेपछि स्थानीयले केही राहत महसुस गरेका थिए तर दुई वर्षअघि आएको बाढीले तटबन्ध भत्काइदिएपछि समस्या ज्यूँका त्यूँ छन्। त्यसपछि पुनः तटबन्ध निर्माण हुन सकेको छैन। तटबन्ध भत्किएपछि नदीले कमजोर किनार खोज्दै कटान गर्न थालेको स्थानीय मो. गुलाबको भनाइ छ।

स्थायी र वैज्ञानिक नदी नियन्त्रणको अभावमा हरेक वर्ष ठूलो धनराशि खर्च गरेर अस्थायी संरचना बनाउने र बाढी आएपछि पुनः भत्किने अवस्था दोहोरिँदै आएको स्थानीयको कथन छ। पूर्व वडाध्यक्ष मो. हन्सुका अनुसार स्थानीयको माग अब अस्थायी समाधान होइन। दीर्घकालीन नदी व्यवस्थापन, बलियो तटबन्ध, कटान नियन्त्रण र जोखिम क्षेत्रको वैज्ञानिक अध्ययन चाहन्छन्।

बलान नदीको समस्या केवल नदी किनारमा सीमित छैन। यसको सम्बन्ध माथिल्लो भूभाग अर्थात् चुरे क्षेत्रसँग पनि जोडिएको स्थानीयको बुझाइ छ। नदी नियन्त्रणको क्षेत्रमा लामो अनुभव भएका अवकाश प्राप्त इन्जिनियर विश्वनाथ यादवका अनुसार चुरे क्षेत्रमा हुने अनियन्त्रित ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा विभिन्न स्थानमा सञ्चालित क्रसर उद्योगका कारण नदीको प्राकृतिक प्रणाली प्रभावित भएको छ।

चुरे क्षेत्र कमजोर हुँदा वर्षाको पानी तीव्र गतिमा तल्लो क्षेत्रमा आउने, नदीमा एकैपटक ठूलो बहाव बढ्ने र त्यसले कटानको जोखिम बढाउने उहाँका अनुभव छ। चुरे संरक्षण र नदी नियन्त्रणलाई अलग-अलग विषयका रूपमा हेर्नुभन्दा एकीकृत रूपमा सम्बोधन गर्नुपर्ने उहाँको भनाइ छ। "बलान नदीलाई पूर्णरूपमा रोक्न सम्भव नहुन सक्छ। तर नदीको धार व्यवस्थापन गर्न सकिन्छ", ई. यादव भन्नुहुन्छ,"जोखिम क्षेत्र पहिचान गर्न सकिन्छ, वैज्ञानिक तटबन्ध निर्माण गर्न सकिन्छ।" चुरे संरक्षणको संरक्षण, नदीमा हुने अनियन्त्रित दोहन नियन्त्रण र बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सकिए क्षति न्यूनिकरण गर्न सकिने उहाँको सुझाब छ।

खेतीयोग्य जमिन हराउँदै जाँदा यसको असर उत्पादनमा मात्र परेको छैन। किसानको पहिचानमै समेत असर पर्न थालेको छ। जमिन भएका किसान विस्तारै भूमिहीन बन्दैछन्। भूमिहीन भएपछि रोजगारीका लागि अन्यत्र जानुपर्ने बाध्यता बढ्छ। त्यसले परिवारको सामाजिक संरचना र स्थानीय अर्थतन्त्रमा समेत असर पार्न सक्ने स्थानीयको चिन्ता छ। यही कारण बलान नदी किनारका किसानका लागि नदी नियन्त्रण केवल विकास निर्माणको विषय होइन। यो उहाँहरूको अस्तित्व, जीविकोपार्जन र भविष्यसँग जोडिएको विषय हो।

"बलान नदी अहिले पनि बगिरहेको छ", बलान बिहुलका स्थानीय रामनारायण पण्डित भन्नुहुन्छ,"नदीमा पानी मात्र बगिरहेको छैन्, पानीसँगै किसानको खेत, सपना र पुस्तौंदेखिको सम्पत्तिको कथा पनि बगिरहेको छ।" समयमै नदी व्यवस्थापन र जोखिम न्यूनीकरणका ठोस कार्यक्रम अघि नबढाए आज खेत बगिरहेको ठाउँमा भोलि बस्ती बग्ने अवस्था नआउला भन्न सकिँदैन, त्यसैले समयमै यसतर्फ सरकारको ध्यान पुग्नुपर्छ, उहाँ भन्नुहुन्छ। रासस

## हत्या आरोपमा पक्राउ



वीरगन्ज। प्रहरीले पर्साको धोबिनी गाउँपालिका-५ मा चोरी गर्ने क्रममा ६२ वर्षीया महिलाको हत्या गरेको आरोपमा तीन युवकलाई पक्राउ गरेको छ।

प्रहरीले सोमबार सोही ठाउँका निवास साह तुराहाको घरमा चोरी गर्ने क्रममा उहाँकी पत्नी लखरजिया देवीको हत्या गरेको आरोपमा धोबिनी-५ का चन्दनकुमार पटेल, राजकपुर बैठा र रामु पासवानलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

यही असोज ४ गते राति तीनै जनाले बैठाको घरमा गाँजा सेवन गरेपछि चोरी गर्ने योजना बनाएका थिए। उनीहरू घरको पछाडिको पर्खाल हुँदै दोस्रो तलाको झ्यालबाट घरभित्र प्रवेश गरेको प्रहरीको भनाइ छ। घरभित्र प्रवेश गरेपछि स्टिलको दराज तथा टिनको बाक्सा फुटाएर नगद र गरगहना निकाल्ने क्रममा आवाज सुनेर लखरजिया देवी ब्युँझिएपछि उनीहरूलाई देख्नुभएको थियो।

प्रहरीका अनुसार त्यसपछि उनीहरूले धारिलो वस्तुले प्रहार गरी उनको हत्या गरेर नगद तथा गरगहना लिएर फरार भएका थिए। पक्राउ परेकाहरूको साथबाट चोरी भएको नगद, सुनका गरगहना, गाडीको स्प्रिङ पत्ता, एक थान पिलास र एक थान चक्कु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो। रासस

# वर्षाका कारण २१ जनाको मृत्यु, पाँच घाइते, पाँच बेपत्ता



काठमाण्डु। भारी वर्षा, बाढीपहिरो र अविरल वर्षाजन्य घटनामा परी २१ जनाको मृत्यु भएको छ। यस्तै, पाँच जना घाइते भएका छन् भने पाँच जना अझै बेपत्ता छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीका ५३ घटनामा चार जनाको मृत्यु भएको छ। पहिरोका २५६ घटनामा १४ जनाको मृत्यु, चार जना घाइते र पाँच जना बेपत्ता भएका छन्। त्यसैगरी, अविरल वर्षाका ११७ घटनामा तीन जनाको मृत्यु र एक जना घाइते भएका छन्।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बङ्गालको खाडीमा उत्पन्न न्यूनचापीय प्रणालीका कारण असोज ८ देखि ११ गतेसम्म देशका विभिन्न भागमा भारीदेखि अतिभारी वर्षा भएको थियो। प्राधिकरणको पछिल्लो विवरणअनुसार वर्षाजन्य विपद्मा २१ जनाको मृत्यु, पाँच जना बेपत्ता र पाँच जना घाइते भएका हुन्।

बाढी र पहिरोका कारण देशभर १४३ घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने ५१ घरमा आंशिक क्षति पुगेको छ। विपद्का कारण ७४७ परिवार प्रत्यक्ष प्रभावित भएका प्राधिकरणले जनाएको छ। जोखिममा परेका विभिन्न जिल्लाबाट करिब दुई हजार जनालाई सुरक्षित स्थानमा सारिएको छ।

निरन्तर वर्षाका कारण देशभरका १८६ वटा वर्षामापन केन्द्रमा १०० मिलीमिटरभन्दा बढी वर्षा मापन भएको छ। सबैभन्दा धेरै नवलपरासी (बर्दघाट सुस्तापूर्व) को डेढगाउँमा ५४४ दशमलव दुई मिलीमिटर वर्षा भएको छ। कास्कीको पञ्चासेमा ५०० दशमलव दुई र तनहुँको अत्रौलीटारमा ४७२ मिलीमिटर वर्षा मापन गरिएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका प्रवक्ता महतका अनुसार वर्षाका समयमा करिब नौ हजार पर्यटक तथा पदयात्री विभिन्न स्थानमा यात्रारत रहेका थिए। जाजरकोट, म्याग्दी, बागलुङलगायत जिल्लामा बाढी तथा पहिरोमा फसेका व्यक्तिलाई हेलिकोप्टरमार्फत उद्धार गरिएको छ। उद्धार गरिएका व्यक्तिका लागि सम्बन्धित जिल्ला प्रशासनको समन्वयमा स्थानीय तहमार्फत आवश्यक बन्दोबस्ती तथा राहतको व्यवस्था गरिएको छ। भारी वर्षाको पूर्वानुमानसँगै प्राधिकरणले पूर्वतयारी तथा प्रतिकार्यका लागि सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन आग्रह गर्दै नियमित सूचना तथा एड्भाइजरी जारी गरेको थियो। सम्भावित बाढी प्रभावित क्षेत्रका बासिन्दालाई सचेत गराउन बाढी पूर्वानुमान महाशाखाबाट आठ लाख १४ हजार एसएमएस पठाइएको थियो।

पर्वतारोहण तथा पदयात्रामा रहेका पर्यटकलाई लक्षित गरी अङ्ग्रेजी भाषामा समेत सतर्कता सूचना जारी गर्दै जोखिमयुक्त क्षेत्रमा रहेकालाई सुरक्षित स्थानमा जान र सुरक्षित स्थानमा रहेकालाई त्यहीं रहन आग्रह गरिएको थियो।

केन्द्रीय मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक दैनिक बसेर परिस्थितिको समीक्षा गरिएको थियो। जोखिम देखिएका जिल्लामा आवश्यकताअनुसार सवारी आवागमनमा रोक लगाउन निर्देशन दिइएको तथा सम्भावित प्रभावित जिल्लामा स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिमार्फत विद्यालय बिदा दिइएको प्राधिकरणले जनाएको छ। रासस

# वीरगन्जको मुख्य सडकको विद्युत् तार भूमिगत गर्न माग



वीरगन्ज। वीरगन्ज महानगरपालिकाले वीरगन्जको मुख्य सडकको विद्युत् तार भूमिगत गर्न माग गरेको छ। महानगर प्रमुख राजेशमान सिंहले भूमिगत विद्युत् प्रणाली निर्माणका लागि आवश्यक बजेट व्यवस्था गर्न आग्रह गर्दै सडक डिभिजन कार्यालय, हेटौंडाका प्रमुख किरण कार्कीलाई सोमबार मागपत्र बुझाउनुभएको छ।

मुख्य सडक विस्तारपछि पुनः ओभरहेड प्रणालीबाट विद्युत् तार राख्दा भविष्यमा सडक मर्मत, विस्तार, यातायात व्यवस्थापन तथा सहरी सौन्दर्यीकरणमा समस्या आउन सक्ने भन्दै महानगरले सडक विस्तारकै क्रममा विद्युत् तार भूमिगत गर्न माग गरेको हो।

सोही अवसरमा महानगर प्रमुख सिंहले त्रिभुवन राजपथअन्तर्गत गण्डक-घण्टाघर-भन्सार सडकखण्ड विस्तारको काम अघि बढिरहेका बेला विद्युत् पोल तथा तारको व्यवस्थापनसमेत दीर्घकालीन रूपमा गर्नुपर्ने बताउनुभयो।

यसअघि पनि महानगरप्रमुख सिंहले वीरगन्जको मुख्य सडकको विद्युत् तार भूमिगत गर्न माग गर्दै आवश्यक बजेट तत्काल विनियोजन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग माग गर्दै पत्राचार गर्नुभएको थियो। रासस

## भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट मिति २०८३/०३/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय रामगोपालपुर, महोत्तरीको ऋणी मंजु देवी चौधरीको जमानतकर्ताको विवरण छुट हुन गएकोले निम्न अनुसार थप गरी भुल सुधार गरिएको छ।

**जमानतकर्ताको विवरण**

**नाम : विजय कुमार चौधरी**

ना.प्र.नं. १८३०४९/९२१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/११/१९

बाबुको नाम : राम बहादुर चौधरी, बाजेको नाम : परीक्षण चौधरी

ठेगाना : महोत्तरी जिल्ला, खोपी वडा नं. ५

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | अरुलाई प्रभावित पारेर फाइदा उठाउने समय छ। |
| वृष : | विभिन्न उपहार प्राप्त हुने समय छ। |
| मिथुन : | आज सहयोगीहरुले साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ। |
| कर्कट : | टाढाको. यात्राक हुने देखिन्छ। |
| सिंह : | बिछोडिएका परिवारजनसंग भेटघाट हुनेछ। |
| कन्या : | नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरु प्रशस्तै भेटिनेछन्। |
| तुला : | बौद्धिक अभिव्यक्तिले ठुलो अवसर दिलाउन सक्छ। |
| वृश्चिक : | पहिलेको सफलताले थप हौसला जगाउनेछ। |
| धनु : | काममा आलश्य जाग्ने र खर्चको मात्रा बढ्ने देखिन्छ। |
| मकर : | अध्ययनमा प्रगति हुनेछ भने चिताएको कामसमेत सम्पादन हुनेछ। |
| कुम्भः | सुन्दर पहिरनले व्यक्तित्व निखार्दै नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। |
| मीनः | मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। व्यापार-व्यवसायमा लाभ हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फरार १० प्रतिवादी पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका १० जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

धनुषा जिल्ला अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएका उनीहरूलाई प्रहरीले खोजतलासका क्रममा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ परेकामध्ये दुई जना सवारी ज्यान मुद्दाका रहेका छन् । उनीहरूमध्ये एक जनालाई १९ दिन कैद र २ हजार रुपैयाँ जरिवाना तथा अर्को एक जनालाई ४ महिना कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो।

त्यस्तै, संगठित अपराध मुद्दामा सजाय तोकिएका चार जना पक्राउ परेका छन् । उनीहरूमध्ये दुई जनालाई जनही १ वर्ष ६ महिना कैद तथा ४५ हजार रुपैयाँ जरिवाना र अन्य दुई जनालाई जनही १ वर्ष कैद तथा १० हजार रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ।

लागूऔषध मुद्दामा सजाय तोकिएका दुई जनालाई पनि प्रहरीले पक्राउ गरेको छ। उनीहरूमध्ये एक जनालाई २ महिना र अर्को एक जनालाई २३ दिन कैद सजाय तोकिएको थियो।

यसैगरी, ज्यान अंगभंग मुद्दामा १ वर्ष ५ महिना ५ दिन कैद तथा २० हजार रुपैयाँ जरिवाना तोकिएका एक जना र सवारी ज्यान मुद्दामा १ महिना १५ दिन कैद तथा २ हजार रुपैयाँ जरिवाना तोकिएका अर्को एक जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका सबैलाई अदालतको फैसला कार्यान्वयनका लागि आवश्यक कानुनी कारबाही अघि बढाउन धनुषा जिल्ला अदालतमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

प्रहरीले अदालतबाट सजाय तोकिएर फरार रहेका अन्य व्यक्तिको समेत खोजतलास तथा पक्राउ अभियान जारी राखेको जनाएको छ।

# विद्यूतमा लगाइएको भ्याट तत्काल हटाउन माग




**टुडे समाचारदाता**

जनकपुरधाम । चालू आर्थिक वर्षदेखि विद्युत् महसुलमा लागू गरिएको भ्याटले उत्पादन लागत बढेको भन्दै नेपाल उद्योग वाणिज्य महासंघले तत्काल फिर्ता लिन माग गरेको छ।

महासंघले विद्युत् औद्योगिक उत्पादन, व्यापार तथा पर्यटन क्षेत्रको आधारभूत पूर्वाधार भएकाले यसमा थप कर लगाउँदा उत्पादन लागत, सञ्चालन खर्च, नगद प्रवाह र समग्र व्यावसायिक प्रतिस्पर्धात्मकतामा प्रत्यक्ष असर पारिरहेको जनाएको छ। भ्याट थपिँदा विशेषगरी उच्च ऊर्जा खपत गर्ने, भ्याट छुटको कारोबार गर्ने साथै साना तथा मझौला उद्योगहरू र होटल तथा पर्यटन व्यवसायको लागत बढेको व्यवसायीहरूबाट गुनासो आएको महासंघले जनाएको छ।

कानुनबमोजिम इनपुट ट्याक्स क्रेडिटको व्यवस्था भए पनि कर समायोजन तथा फिर्ता प्रक्रिया र कारोबारको प्रकृतिका कारण सबै व्यवसायले विद्युतमा तिरेको भ्याट तत्काल वा पूर्ण रूपमा समायोजन गर्न सक्ने अवस्था नरहेको व्यवसायीहरूले गुनासो गर्दै आइरहेका छन्।

यसले सञ्चालन पुँजीमा दबाब सिर्जना गर्नुका साथै नयाँ लगानी, उद्योग विस्तार र रोजगारी सिर्जनामा समेत असर पारेको छ। यस्तो प्रावधानले उद्योगले व्यवसाय विस्तार गर्न र रोजगारी सिर्जना गर्न समेत बाधा पुगेको छ। साथै यसको भार उपभोक्तासम्म पुग्ने र समग्र मूल्यवृद्धिमा थप चाप पर्न सक्ने अवस्था सिर्जना हुने महासंघले जनाएको छ।

महासंघका अनुसार विद्युतको आन्तरिक खपत, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमार्फत औद्योगिकीकरणलाई गति दिनुपर्ने समयमा ऊर्जा लागत बढाउने नीतिले निजी क्षेत्रको लगानी र उत्पादन विस्तारमा चुनौती थपेको छ। उद्योगलाई नियमित, गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्न तथा भोल्टेजको उतारचढाव, अचानक विद्युत् अवरोध र अन्य प्राविधिक समस्याबाट हुने उत्पादन तथा मेसिनरीको क्षति न्यूनीकरण गर्नसमेत महासंघले आग्रह गरेको छ।

विद्युतमा भ्याटसम्बन्धी व्यवस्था पुनरावलोकन गरी निजी क्षेत्रसँग व्यापक परामर्श गर्न र कर समायोजन तथा फिर्ता प्रक्रियालाई सरल, पारदर्शी र समयबद्ध बनाउन महासंघले माग राखेको छ।

## दाहसंस्कारमा गएका वृद्ध वेपता



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा दाहसंस्कारमा गएका वृद्धको नदीमा डुबेर बेपता भएको छ। जिल्लाको गोडैता नगरपालिका-१ बहादुरपुरका एक वृद्धलाई लखन्देही खोलाले बगाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार बहादुरपुर निवासी करिब ७० वर्षीय छित्नु साहलाई आइतबार दाहसंस्कारपछि लखन्देही सोतीमा नुहाउने क्रममा खोलाले बगाएको हो। प्रहरीका अनुसार आइतबार बिहान करिब ११:४५ बजे नुहाइरहेका बेला साहलाई खोलाको बहावले बगाएको थियो।

नेपाल प्रहरी र सशस्त्र प्रहरीका तीन-तीन जना गरी ६ जनाको संयुक्त टोली परिचालन गरी साहको खोजी कार्य सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको सहयोगमा बेपत्ता साहको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# गृहमन्त्रीको नाममा भ्रम फैलाउने पक्राउ



**टुडे समाचारदाता**

काठमाण्डू । गृहमन्त्रीको सचिवालयको नाममा भ्रम फैलाउने आरोपमा एकजना पक्राउ परेको छ । गृहमन्त्रीको सचिवालयमा सदस्यहरूसँग पहुँच रहेको भन्दै अडियो संवादमार्फत भ्रम फैलाउने प्रहरीले उनलाई काठमाडौंबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-४ घर भई हाल काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-५ बस्ने ३७ वर्षीय आशिष मल्ल भन्ने धर्मराज मल्ल रहेका छन्।

सामाजिक सञ्जालमा वैयक्तिक प्रतिष्ठा एवं सार्वजनिक मर्यादाविपरीत अडियो सार्वजनिक भएपछि त्यसको यथार्थ बुझ्न पुगेको प्रहरी टोलीमाथि नै मल्लले गालीगलौज र दुर्व्यवहार गरेका थिए। सार्वजनिक स्थानमा अशान्ति सिर्जना गरी अभद्र व्यवहार गरेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो।

उनीविरुद्ध अभद्र व्यवहार गर्न नहुने कसुरअन्तर्गत जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट दुई दिनको म्याद थप अनुमति लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीको अपराध अभिलेख प्रणाली जाँच गर्दा मल्लविरुद्ध जिल्ला प्रहरी कार्यालय बाँकेमा ठगी, बैंकिङ कसुर तथा दूरसञ्चार ऐनसहित ६ वटा पुराना मुद्दा दर्ता रहेको खुलेको छ । प्रहरी अभिलेखअनुसार उनीविरुद्ध २०७७ फागुन २६ गते ठगी सम्बन्धी कसुर र २०७९ जेठ १३ गते मुद्दा दर्ता नम्बर ५५१ मार्फत बैंकिङ कसूरमा मुद्दा दर्ता भएको थियो । २०८३ साउन २६ गते दर्ता नम्बर ७२ रहेको दूरसञ्चार ऐनअन्तर्गतको मुद्दामा उनी फरार सूचीमा रहेका छन्।

यसबाहेक बाँके प्रहरीमै उनीविरुद्ध अभद्र व्यवहारका तीन वटा मुद्दा दर्ता छन्। प्रहरीले उनीमाथि थप अनुसन्धान जारी राखेको छ।

# महोत्तरी कांग्रेसको जिल्ला संयोजकमा यादव



**टुडे समाचारदाता**

जलेश्वर । नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशन तयारी समितिले महोत्तरी जिल्लाको जिल्ला संयोजकमा रामदयाल यादवलाई मनोनयन गरेको छ।

१५औं केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक पी.डी. प्रकाश कोइरालाद्वारा असोज ११ गते जारी गरिएको पत्रमार्फत यादवलाई जिल्ला संयोजकको जिम्मेवारी दिइएको हो।

पत्रमा पार्टीको महाधिवेशन तथा आगामी संगठनात्मक गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउन जिल्ला तहमा संयोजन आवश्यक रहेकाले यादवलाई जिम्मेवारी दिइएको उल्लेख छ।

कांग्रेसको केन्द्रीय कार्यसमितिको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा विशेष महाधिवेशन पक्षले आफ्नो गतिविधि अघि बढाइरहेको पत्रमा उल्लेख गरिएको छ। पत्रअनुसार केन्द्रीयमहाधिवेशनतयारीसमितिको बैठकले महाधिवेशनसम्बन्धी विभिन्न गतिविधि अघि बढाउने निर्णय गरेको छ।

तयारी समितिले मंसिर २१, २२ र २३ गते काठमाडौंमा १५औं केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका तय गरेको पत्रमा उल्लेख छ । त्यस्तै, असोज १५ गते वडा अधिवेशन, असोज २० गते पालिका अधिवेशन, असोज २३ गते प्रदेशसभा निर्वाचन क्षेत्र तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन र कात्तिक १५ गते जिल्ला अधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरिएको छ।

यादव क्षेत्र न. ४ को क्षेत्रीय र जिल्ल सचिव तथा जिल्ला विकास समितिको पूर्व इलाका सदस्य रहिसकेको छ । नेपाली काग्रेस महोत्तरी जिल्ला कार्य समितिको दुई पट्क सचिब भएको र दुई वर्ष कार्यबाहक जिल्ला सभापति भएर समेत काम गरेको छ।

# बाढी र हातीबाट प्रभावितलाई क्षतिपूर्ति गर्न माग



**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरीका विभिन्न क्षेत्रमा बाढी तथा जंगली हात्तीका कारण नागरिक प्रभावित भएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र कर्णले तत्काल राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

सप्तरीबाट प्रतिनिधित्व गर्ने समानुपातिक सांसद रहेका कर्णले प्रतिनिधि सभाको बैठकमा शून्य समयमा बोल्दै सांसद कर्णले केही दिनदेखि भइरहेको अविरल वर्षाका कारण सप्तरीका विभिन्न स्थानीय तहमा डुबानको समस्या देखिएको बताए । उनका अनुसार हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकालगायतका क्षेत्रमा खेतबारी तथा बस्ती डुबानमा परेका छन्।

कर्णले वर्षाका कारण पाँच सयभन्दा बढी घर डुबानमा परेको दाबी गर्दै प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन सरकारसँग आग्रह गरे।

'तीन दिनदेखिको अविरल वर्षाका कारण सप्तरीका विभिन्न क्षेत्रमा किसानका खेत डुबानमा परेका छन् । पाँच सयभन्दा बढी घर डुबानमा परेका छन् । नागरिक पीडामा छन्,' उनले भने, 'बाढी प्रभावितलाई आवश्यक राहतको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।'

उनले सप्तरीको केही क्षेत्रमा जंगली हात्तीको आतंकसमेत बढेको भन्दै किसानले लगाएको बाली नष्ट भएको विषय संसद्मा उठाए । सप्तकोशी नगरपालिकाको कमलपुर तथा कञ्चनरूप नगरपालिकाको बस्तिपुर क्षेत्रमा हात्तीले बाली नष्ट गरेको भन्दै प्रभावित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने उनको माग छ । कर्णले प्राकृतिक विपद्का कारण एकातर्फ बाढी तथा डुबानको समस्या र अर्कोतर्फ जंगली जनावरबाट कृषि क्षेत्रमा क्षति हुँदा किसान दोहोरो मारमा परेको बताए। त्यसैले क्षतिको यथार्थ विवरण संकलन गरी राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न उनले सरकारसँग आग्रह गरे। सांसद कर्णले संसद्मा मधेश प्रदेशमा सरकारले अघि बढाइरहेका विकाससम्बन्धी कामको पनि चर्चा गरे। उनले वर्तमान सरकारले मधेशमा विकासलाई प्राथमिकतामा राखेर काम अघि बढाइरहेको बताए।

उनले कमला-कञ्चनपुर सडक, रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयक, मेडिकल कलेज तथा इन्जिनियरिङ कलेज सञ्चालनको तयारी लगायतका विषयलाई मधेशका लागि महत्वपूर्ण पूर्वाधारका रूपमा प्रस्तुत गरे।

कर्णले मधेशमा शिक्षा, स्वास्थ्य तथा सडक पूर्वाधारको विकासलाई प्राथमिकता दिनुपर्ने बताए। उनका अनुसार लामो समयदेखि चर्चामा रहेका ठूला विकास आयोजनालाई कार्यान्वयनको चरणमा लैजान सके प्रदेशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्नेछ।

सांसद कर्णले बाढी, डुबान तथा जंगली जनावरबाट हुने छ।


## शिक्षक आवश्यकता

श्री सरस्वती मा. वि. कनकपट्टी जनकपुरधाम-१७ मा तपसिलका रिक्त पदहरूमा करार नियुक्तिको लागि दरखास्त आह्वान गरिएको छ।

**तपसिल**

| | |
|---|---|
| **विज्ञापन नं.**:- ०१/२०८३-०८४ | **विज्ञापन नं.**:- ०२/२०८३-०८४ |
| **पदः**- मा.वि. विज्ञान शिक्षक तृतीय श्रेणी | **पदः**- का.स. (श्रेणीविहीन) |
| **न्यूनतम योग्यताः**- B.ED / B.Sc वा सो सरह उत्तीर्णको | **न्यूनतम योग्यताः**- SEE उत्तीर्ण भएको |
| **तालिमः**- अध्यापन अनुमति पत्र | **आवेदन दस्तुरः**- रु. १००० |
| **आवेदन दस्तुरः**- रु. २००० | |

- **रा.वा. बैंकको खाता नं.**:- १२२०१००००२४१८००१ मा जम्मा गरेको भौचर
- **उमेरः**- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **दरखास्त अन्तिम मितिः**- २०८३/०६/२६ सम्म
- **सम्पर्क मितिः**- २०८३/०६/२७
- **संलग्न कागजातः**- सबै तहका प्रमाणपत्रको प्रतिलिपि
- **सम्पर्क नं.**:- ९८४६०८९४०८

**प्रधानाध्यापक**



## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल**

## जनशक्ति आपुर्ति सम्बन्धी बोलपत्र आहवानको सूचना

**( प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१३ गते )**

यस प्रतिष्ठान तथा यस अन्तर्गत संचालित प्रादेशिक अस्पतालको लागि तपशिलका जनशक्तिहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले उक्त जनशक्ति आपुर्ति गर्न ईच्छुक इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी सप्लायर्सले रीतपुर्वकको सिलबन्दी बोलपत्र यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा निर्धारित समयभित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारी एवं शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरीएको व्यहोरा जानकारी गराइन्छ। साथै बोलपत्र सम्बन्धि कागजात (हार्ड कपी ) तथा थप जानकारी आवश्यक परे कार्यालय खुलेको समय भित्र यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ। बिस्तृत सुचना यस प्रतिष्ठानको Website: www.mihs.edu.np बाट हेर्न सकिन्छ।


**तपसिल**

| क. सं. | ठेक्का नं. | ठेक्का सम्बन्धी विवरण | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति | बोलपत्र फारम खुल्ने मिति | बोलपत्र जमानत रकम रु | बोलपत्र खरिद रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | MIHS | सुरक्षा गार्ड आपुर्ति सम्बन्धी कार्य खरिद | २०८३।०७।१० | २०८३।०७।११ दिनको १२ बजे सम्म | २०८३।०७।११ दिनको २ बजे | ४,२०,००० | ३,००० |
| २ | MIHS | माली, रनर, मेस्तर, सरसफाईकर्मी तथा अन्य सेवा आपुर्ति सम्बन्धी कार्य खरिद | २०८३।०७।१० | २०८३।०७।११ दिनको १२ बजे सम्म | २०८३।०७।११ दिनको २ बजे | २,५०,००० | ३,००० |

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**जनकपुरधाम, धनुषा**







अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कानुन विपरित काम नगर

सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधिश चोलेन्द्र शम्सेर जबरालाई प्रहरीले बिना कारण पक्राउ गरेको गंभीर आरोप लागेको छ।पूर्व प्रधानन्यायाधिशलाई पक्राउ गर्न प्रहरीले कानुनी प्रकृया पुरा गरेको थिएन् ।उनलाई सुरक्षाको कारण बताएर प्रहरीले मध्यराती घरबाट नै पक्राउगरि नियन्त्रणमा लिएको थियो ।त्यसको सर्वत्र आलोचना भइरहेको छ ।बिना कारण पक्राउ गरिएको जबरालाई प्रहरीले साँझ उनको निवासमा पुर्‍याएका थिए ।प्रहरीले जबरालाई पक्राउ गर्नुको कारण खुलाउन नसक्दा विपक्षी दलका नेताहरुले मात्र नभै सत्तारुढ दल र अन्य बिभिन्न संघसंस्थाहरुले बिरोध गरे ।धेरैको बुझाईमा सरकारले जबरालाई धम्काउन पक्राउ गरिएको थियो ।जबरा प्रधानन्यायाधिश रहेको बेला अत्यन्त बिबादाष्पद थिए ।उनी कयौं बिबादमा मुछिएका थिए ।उनको सेवाको समाप्तीपनि महाअभियोग लागेकै अवस्थामा भयो ।पछिल्लो समयमा पनि उनले न्यायालय र राजनीतिक क्षेत्रमा चलखेल गरेको कारण प्रहरीले पक्राउ गरेको कतिपयले बताएका छन् ।जबरा जतिसुकै बिबादाष्पद भएपनि उनी पूर्व प्रधानन्यायाधिश हुन् ।नेपालको इतिहासमा पूर्व प्रधानन्यायाधिश पक्राउ पर्ने जबरा पहिला हुन् ।सरकारले दोस्रो दिन सम्मपनि जबरालाई पक्राउ गरेको कारण खुलाउन सकेको छैन् ।राष्ट्रिय मानवअधिकार आयोगले पक्राउमा संलग्न रहेका जिम्मेवार प्रहरी अधिकारीलाई कारवाही गर्न भनेको छ ।संयुक्त राष्ट्र संघको ८१ औं महासभाबाट फर्केको २४ घण्टा नबित्दै जबरालाई पक्राउ गरिएको थियो ।राज्यले गर्ने कुनैपनि काम कानुनको परिधिभित्र रहेर मात्र गर्नुपर्छ ।आफू खुशी सरकारले काम गर्न थालेपछि जनअसन्तुष्टि बढनेछ ।प्रधानमन्त्री बालेन्द्र शाह स्वच्छ छवि भएको व्यक्तित्वको रुपमा स्थापित छन् ।तर उनको कयौं कार्यहरु अत्यन्त विवादाष्पद र उनको छविमा धक्का लाग्ने किसिमको रहेको छ ।सरकार गठन भएको ६ महिना भित्र गरिएको धेरै राम्रा कामहरु भएपनि केहि कार्यले आलोचकहरुको संख्यामा भारी बृद्धि गरेको छ ।सरकारले कानुन बनाउने मात्र नभै त्यसको कार्यान्वयनको सर्वाधिक जिम्मेवार पक्ष हो ।जबराको प्रकरणमा सरकारले सबै कानुनको उल्लंघन गरेको मात्र नभै नागरिकको मानवअधिकारको समेत गंभीर हनन गरेको छ ।प्रधानमन्त्री शाहको काम कारवाही व्यक्तिो चाहना र स्वार्थ अनुकुल हुनु हुँदैन् ।सरकारी कामकारवाही जति न्यायोचित भए त्यती नै सरकारको लोकप्रियता बढनेछ ।देशमा बाढी, पहिरोको विपद् रहेको बेला पूर्व प्रधानन्यायाधिशलाई अनाहकमा पक्राउ गरेर सरकार आलोचित भएको छ ।सरकारको कयौं कार्यको प्रतिनिधि सभा र बाहिर समेत राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसद र नेताहरुले आलोचना गर्न थालेका छन् ।त्यस सम्बन्धमा सरकार गंभीर हुनुपर्छ ।रास्वपाका सबै सांसद मन्त्री बन्नका लागि मात्र सरकारको आलोचना गरेको होइन् ।सरकारलाई समयमै सचेत गराउन चाहेको छ ।यसलाई हलुका किसिमले लिन हुँदैन् ।

# नेपाललाई अर्को अन्तर्राष्ट्रिय विमानस्थल किन आवश्यक छ ?



पुष्पराज भट्टराई

नेपालको हवाई यातायातको पछिल्लो तथ्यांकले एउटा महत्वपूर्ण प्रश्न फेरि अगाडि ल्याएको छ–त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बढ्दो यात्रु चाप व्यवस्थापन गर्न अब अर्को ठूलो अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक छ कि छैन ? नेपालमा अहिले त्रिभुवन, गौतम बुद्ध र पोखरा गरी तीन अन्तर्राष्ट्रिय विमानस्थल छन् । तर तीनवटैको उपयोग समान छैन । नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्यांकअनुसार सन् २०२५ को जनवरीदेखि नोभेम्बरसम्म नेपालका विमानस्थलबाट ४१ लाखभन्दा बढी अन्तर्राष्ट्रिय यात्रुले आवागमन गरेका थिए। सोही अवधिमा अन्तर्राष्ट्रियतर्फ २८ हजारभन्दा बढी उडान-अवतरण भएका थिए। यसले नेपालको अन्तर्राष्ट्रिय हवाई बजार विस्तार भइरहेको देखाउँछ। तर त्यसको ठूलो हिस्सा अझै काठमाडौंमै केन्द्रित छ ।

यसैले निजगढको बहस अर्को एउटा विमानस्थल थप्ने बहस मात्रै होइन। यो नेपालको आगामी पुस्ताको हवाई पूर्वाधार कस्तो हुने भन्ने प्रश्न पनि हो। अहिलेको माग, निर्माण भइसकेका विमानस्थलको उपयोग, आन्तरिक हवाई सञ्जालको अवस्था, पर्यटन तथा कार्गोको भविष्य, वातावरणीय प्रभाव र लगानीको स्रोतलाई एउटै ठाउँमा राखेर मात्र यसको उत्तर खोज्न सकिन्छ।

### घाँसे मैदानदेखि अन्तर्राष्ट्रिय विमानस्थलसम्म

नेपालको हवाई इतिहास धेरै पुरानो छैन। सन् १९४९ मा भारतीय राजदूतको चार सिटे विमान काठमाडौंको गौचरमा अवतरण गरेपछि नेपालमा औपचारिक हवाई युग सुरु भएको मानिन्छ। त्यसै वर्ष काठमाडौं-पटना, कलकत्ता र दिल्ली जोड्ने नियमित सेवा सुरु भयो। १९५५ मा गौचर विमानस्थलको नाम त्रिभुवन विमानस्थल राखियो र १९६४ मा यसलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नामकरण गरियो। १९६७ मा धावनमार्ग विस्तार भयो र त्यसपछि नेपालमा ठूला जेट विमानको आगमन सुरु भयो। १९६८ मा थाइ इन्टरनेसनलले काठमाडौंमा नियमित जेट सेवा सुरु गरेको अभिलेख छ। त्यो इतिहास सम्झनुको कारण विगत सम्झनु मात्रै होइन। सन् १९४९ मा एउटा घाँसे मैदानबाट सुरु भएको नेपालको हवाई सेवा आज अन्तर्राष्ट्रिय यात्रु, पर्यटन, वैदेशिक रोजगारी, व्यापार र कार्गोको महत्वपूर्ण आधार बनेको छ। तर नेपालको हवाई पूर्वाधार विस्तारको एउटा पुरानो समस्या पनि यही इतिहासमा देखिन्छ–विमानस्थल निर्माण गर्ने गति र तिनलाई नियमित तथा व्यावसायिक रूपमा सञ्चालन गर्ने क्षमता सधैं समान रहेन।

सन् १९६० को दशकमा नै सरकारले देशका विभिन्न भागमा छोटो धावनमार्गबाट उडान तथा अवतरण गर्न सक्ने विमानस्थल निर्माण र विस्तार गर्ने योजना अघि सारेको थियो। त्यसपछि सात दशकमा नेपालमा दर्जनौं विमानस्थल बने। तर आज पनि धेरै विमानस्थलमा नियमित उडान छैन। यही तथ्यले एउटा महत्वपूर्ण प्रश्न उठाउँछ–नेपाललाई विमानस्थलको संख्या बढाउनुभन्दा पहिले भएका विमानस्थलको उपयोग बढाउने राष्ट्रिय रणनीति चाहिएको हो कि होइन ?

### विमानस्थल धेरै, नियमित उडान कम

नेपाल नागरिक उड्डयन प्राधिकरणका पछिल्ला विवरणअनुसार देशमा ५५ विमानस्थल छन्। तीमध्ये तीन अन्तर्राष्ट्रिय र बाँकी आन्तरिक विमानस्थल हुन्। तर विमानस्थलको संख्या र नियमित हवाई सेवा एउटै कुरा होइन। दुर्गम तथा पहाडी क्षेत्रमा बनेका धेरै विमानस्थलमा सीमित वा अनियमित उडान हुन्छ। कतिपय विमानस्थल बन्द छन्। कतिपयमा मौसमअनुसार मात्र उडान हुन्छ। यसको कारण यात्रुको सीमित माग, सडक पहुँच विस्तार, निजी वायुसेवा कम्पनीको व्यावसायिक प्राथमिकता, नेपाल वायुसेवा निगमको कमजोर आन्तरिक क्षमता तथा दुर्गम रुटमा सञ्चालन लागतलगायत विषयसँग जोडिएको छ।

यसको सबैभन्दा गम्भीर असर दुर्गम नागरिकले भोगिरहेका छन्। सडक सञ्जाल कमजोर भएका हिमाली तथा पहाडी जिल्लाका लागि हवाई सेवा अझै पनि आवश्यक यातायात हो। वर्षायाममा सडक अवरुद्ध हुँदा वा चाडपर्वमा यात्रुको चाप बढ्दा टिकट पाउन कठिन हुने समस्या देखिन्छ। त्यसैले विमानस्थल निर्माणसँगै नियमित उडान सुनिश्चित गर्ने नीति पनि उत्तिकै आवश्यक छ। यस दृष्टिले हेर्दा नेपालको हवाई नीति दुई तहमा अघि बढ्नुपर्ने देखिन्छ–दुर्गम क्षेत्रका विमानस्थललाई आवश्यक सेवाका रूपमा व्यवस्थित गर्ने र काठमाडौं केन्द्रित अन्तर्राष्ट्रिय हवाई चापका लागि दीर्घकालीन ठूलो क्षमताको विकल्प तयार गर्ने।

### त्रिभुवन विमानस्थलको सीमा र नयाँ केन्द्रको प्रश्न

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नेपालका लागि एउटा विमानस्थल मात्र होइन, देशको प्रमुख अन्तर्राष्ट्रिय प्रवेशद्वार पनि हो । संघीय राजधानी, सरकारी निकाय, व्यापारिक केन्द्र, पर्यटन र अधिकांश अन्तर्राष्ट्रिय यात्रु यसैसँग जोडिएका छन्। तर काठमाडौं उपत्यकाको भौगोलिक र सहरी संरचनाले विमानस्थल विस्तारका आफ्नै सीमा छन्। विमानस्थल वरिपरि घना बस्ती बढेको छ । धावनमार्ग, टर्मिनल, पार्किङ र अन्य संरचना विस्तार गर्न पर्याप्त खाली क्षेत्र उपलब्ध छैन। यात्रु चाप बढ्दै जाँदा उडान ढिलाइ, पार्किङ, सुरक्षा व्यवस्थापन र आकस्मिक अवस्थामा वैकल्पिक व्यवस्था जस्ता प्रश्न पनि महत्वपूर्ण बन्दै जान्छन् । त्रिभुवन विमानस्थलको स्तरोन्नति आवश्यक छ र सरकारले त्यसका लागि आर्थिक वर्ष २०८३/८४ मा रु. १ अर्ब ५३ करोड विनियोजन गरेको छ। तर स्तरोन्नतिले विमानस्थलको सबै भौगोलिक सीमा हटाउँदैन। त्यसैले काठमाडौंको विद्यमान क्षमता व्यवस्थापन गर्दै भविष्यका लागि अर्को ठूलो हवाई केन्द्रको सम्भाव्यता खोज्नु स्वाभाविक बहस हो ।

### पोखरा र गौतम बुद्धपछि निजगढ किन चाहियो ?

पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछि 'अब निजगढ किन ?' भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। तर तीनवटै विमानस्थलको उद्देश्य एउटै छैन। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल लुम्बिनी र पश्चिम नेपालको अन्तर्राष्ट्रिय हवाई सम्पर्कका लागि महत्वपूर्ण छ। पोखरा विमानस्थल पोखरा तथा गण्डकी क्षेत्रको पर्यटन र अन्तर्राष्ट्रिय सम्पर्क विस्तार गर्ने उद्देश्यसँग जोडिएको छ। निजगढको अवधारणा भने काठमाडौंको विकल्पसहित ठूलो क्षमताको अन्तर ीष्ट्रिय हवाई केन्द्र निर्माण गर्ने योजनासँग सम्बन्धित छ। तर अहिलेको वास्तविकता भने फरक छ। पोखरा र गौतम बुद्धमा अपेक्षित अन्तर्राष्ट्रिय उडान विस्तार हुन सकेको छैन। यसले नयाँ विमानस्थल निर्माणअघि एउटा गम्भीर पाठ दिएको छ–पूर्वाधार निर्माण गर्नु र त्यसलाई व्यावसायिक रूपमा चलाउन सक्नु अलग विषय हुन् । विमानस्थलको आवश्यकता बुझ्दा काठमाडौं, भैरहवा र पोखराका विमानस्थलको भूमिकालाई पनि हेर्नुपर्छ । एउटा विमानस्थल बनेपछि अर्को विमानस्थलको आवश्यकता समाप्त हुन्छ भन्ने धारणा सही हुँदैन । देशको भौगोलिक अवस्था, यात्रुको माग र भविष्यको विकासलाई हेरेर विमानस्थलको योजना बनाउनुपर्छ । निजगढमा प्रस्ताव गरिएको विमानस्थलको चर्चा गर्दा ट्रान्जिट सेवाको विषय पनि आउँछ । नेपाल हुँदै अर्को देशमा जाने यात्रु र विमानलाई सेवा दिन सकिने सम्भावना यससँग जोडिएको छ । यस्तो सम्भावना पूरा गर्न विमानस्थल मात्र बनाएर पुग्दैन । सडक, होटल, यातायात, सुरक्षा, सेवा र अन्य पूर्वाधार पनि आवश्यक हुन्छन् ।

त्यसैले विमानस्थल निर्माणलाई एउटा भवन वा धावनमार्गको आयोजना मात्र नभई पूर्वाधारको समग्र योजनाका रूपमा बुझ्नुपर्छ । त्यसैले निजगढ बनेपछि त्रिभुवन, पोखरा र गौतम बुद्धको भूमिका के हुने भन्ने स्पष्ट राष्ट्रिय हवाई रणनीति पहिले नै आवश्यक छ। नत्र एउटा विमानस्थलमा चाप बढिरहने र अर्को विमानस्थलमा महँगो पूर्वाधार कम उपयोग हुने अवस्था दोहोरिन सक्छ।

### निजगढ : आवश्यकता कि विकल्प ?

निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सम्भाव्यता अध्ययन सन् १९९५ मै भएको थियो। आठौं पञ्चवर्षीय योजनादेखि यसलाई योजनामा समेटिँदै आएको र पछि राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाइएको हो। प्रारम्भिक अध्ययनदेखि जग्गा, नदी नियन्त्रण, वातावरणीय अध्ययन, मास्टर प्लान र डीपीआरसम्म राज्यले विभिन्न चरणमा खर्च गरिसकेको छ। हालको प्रस्तावित संरचनामा पनि आयोजना सानो छैन। पहिलो चरणमा करिब १,९३३ हेक्टर क्षेत्रफलमा दुईवटा धावनमार्गसहित अन्तर्राष्ट्रिय मापदण्डको टर्मिनल र आवश्यक पूर्वाधार निर्माण गर्ने अनुमान गरिएको छ। सम्पूर्ण आयोजना करिब ३,८४५ हेक्टरमा विकास गर्ने प्रस्ताव छ। हालसम्म तयारीका विभिन्न काममा करिब डेढ अर्ब रुपैयाँ खर्च भइसकेको विवरण सार्वजनिक भएको छ ।

त्यसैले निजगढलाई अब 'एउटा नयाँ विमानस्थल बनाउने' सामान्य आयोजनाका रूपमा मात्र हेर्न मिल्दैन। यसमा विगतको लगानी, भविष्यको माग र दीर्घकालीन राष्ट्रिय हवाई रणनीति जोडिएको छ।

### छिमेकीको अनुभव : विमानस्थल पूर्वाधारलाई भविष्यको आधार मान्ने नीति

नेपालको हवाई पूर्वाधार बहसलाई छिमेकी मुलुकको अभ्यासबाट पनि अलग गरेर हेर्न मिल्दैन। भारतले पछिल्लो दशकमा विमानस्थललाई यात्रु ओसारपसार गर्ने संरचनामात्र नभई क्षेत्रीय अर्थतन्त्र, व्यापार, पर्यटन र रोजगारीको पूर्वाधारका रूपमा विस्तार गरिरहेको छ। भारत सरकारका अनुसार सन् २०१४ मा ७४ वटा सञ्चालनमा रहेका विमानस्थलबाट सन् २०२६ सम्म संख्या १६५ पुगेको छ। यही अवधिमा २५ वटा नयाँ ग्रिनफिल्ड एयरपोर्ट स्वीकृत भएका छन्, जसमा नवी मुम्बई, नोएडा-जेवर, मोपा र कन्नुरजस्ता ठूला आयोजना पनि छन् । भारतले क्षेत्रीय हवाई पहुँच विस्तारका लागि युडीएएन कार्यक्रममार्फत साना सहर र क्षेत्रलाई ठूला केन्द्रसँग जोड्ने नीति पनि अघि बढाएको छ । यसको अर्थ नेपालले भारतकै मोडल हुबहु अपनाउनुपर्छ भन्ने होइन । तर एउटा तथ्य स्पष्ट छ–छिमेकी मुलुकले हवाई पूर्वाधारलाई भविष्यको यात्रु माग, व्यापार, पर्यटन र क्षेत्रीय आर्थिक गतिविधिसँग जोडेर विस्तार गरिरहेका छन् ।

त्यसको तुलनामा नेपालले आफ्नो दीर्घकालीन हवाई मागको अनुमान गरेर अहिले नै पूर्वाधारको तयारी गर्ने कि वर्तमान क्षमताले पुगेको ठान्ने भन्ने प्रश्न महत्वपूर्ण हुन्छ ।

### वातावरण र स्थानीय सरोकार

निजगढको सबैभन्दा संवेदनशील पक्ष वातावरणीय प्रभाव हो । प्रस्तावित क्षेत्रमा ठूलो वन क्षेत्र रहेको र विमानस्थल निर्माणका क्रममा वन, जैविक विविधता, पानीका स्रोत, वन्यजन्तुको आवागमन तथा स्थानीय बस्तीमा प्रभाव पर्न सक्ने भएकाले वातावरणीय प्रश्नलाई निर्माणको बाधक भनेर मात्र बुझ्नु उचित हुँदैन ।




सर्वोच्च अदालतको आदेशपछि आयोजना थप कानुनी र वातावरणीय परीक्षणको विषय बनेको छ। त्यसैले अब कति क्षेत्रफलमा निर्माण गर्ने, कुन चरणमा काम गर्ने, रूख कटान कति घटाउन सकिन्छ, क्षतिपूर्ति तथा संरक्षण कसरी गर्ने र स्थानीय बस्तीलाई कसरी व्यवस्थापन गर्ने भन्ने प्रश्नसँगै समाधान खोज्नुपर्छ। प्रस्तावित क्षेत्रसँग निजगढ आसपासका टाँगिया बस्ती, मटियानी र काँटगाउँजस्ता बस्ती जोडिएका छन्। जग्गा तथा मुआब्जाको विषय पनि अझै पूर्ण रूपमा अलग भएको छैन। त्यसैले स्थानीयलाई आयोजनाको विरोधी वा विकासविरोधीका रूपमा हेर्नुभन्दा उनीहरूको भूमि, जीविकोपार्जन र पुनःस्थापनाको प्रश्नलाई परियोजनाको डिजाइनमै समेट्नु आवश्यक छ।

### निर्णायक प्रश्न : अब पैसा कहाँबाट ल्याउने ?

निजगढको पछिल्लो बहसमा सबैभन्दा नयाँ र महत्वपूर्ण पक्ष लगानी मोडालिटी हो। सरकारले ठूला पूर्वाधार आयोजनाका लागि आवश्यक ठूलो पूँजी जुटाउन कठिनाइ भोगिरहेको अवस्थामा निजी क्षेत्रको लगानीलाई विकल्पका रूपमा अघि सारिएको छ। प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले प्रमुख उद्योगी-व्यवसायीसँग छलफल गर्दै निजगढमा स्वदेशी तथा विदेशी निजी लगानी भित्र्याउने सम्भावनाबारे चासो देखाएका छन्। विनोद चौधरी, चन्द्र ढकाल, पवन गोल्यान र उमेश श्रेष्ठलगायत व्यवसायीसँग भएको छलफलले सार्वजनिक-निजी साझेदारी (पीपीए), संयुक्त लगानी वा अन्य वित्तीय मोडालिटीमार्फत आयोजना अघि बढाउने बहसलाई नयाँ चरणमा पुऱ्याएको छ। सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटले पनि निजगढ विमानस्थलको निर्माण मोडालिटी छ महिनाभित्र यकिन गर्ने घोषणा गरेको छ। साथै गौतम बुद्ध र पोखरा विमानस्थल सञ्चालन व्यवस्थापनमा निजी क्षेत्रसँग सहकार्य गर्ने नीति पनि लिइएको छ। यसले सरकार आफैंले विमानस्थल निर्माण र सञ्चालनमा सबै वित्तीय तथा व्यवस्थापकीय भार वहन गर्ने पुरानो शैलीबाट वैकल्पिक मोडालिटी खोजिरहेको देखाउँछ ।

तर निजी लगानी खोज्नु आफैंमा समाधान होइन। लगानीकर्ताका लागि प्रतिफल, कानुनी सुरक्षा, सञ्चालन अधिकार, जोखिम बाँडफाँट र बजार सुनिश्चितता आवश्यक हुन्छ। त्यसैले 'पैसा कसले हाल्ने ?' सँगै ' जोखिम कसले लिने ?' र 'लगानी कसरी फिर्ता हुने ?' भन्ने प्रश्नको पनि स्पष्ट उत्तर चाहिन्छ।

### अन्तिम प्रश्न : विमानस्थल चाहिएको हो कि हवाई रणनीति ?

निजगढको बहसलाई केवल 'नेपाललाई अर्को अन्तर्राष्ट्रिय विमानस्थल चाहिन्छ कि चाहिँदैन' भन्ने दुई विकल्पमा सीमित गर्नु पर्याप्त छैन। नेपालमा विमानस्थलको संख्या कम छैन। समस्या धेरै ठाउँमा नियमित उडान र प्रभावकारी उपयोगको हो। अर्कोतर्फ त्रिभुवन विमानस्थलमा अन्तर्राष्ट्रिय यात्रुको ठूलो हिस्सा केन्द्रित छ र काठमाडौंको भौगोलिक सीमाले यसको दीर्घकालीन विस्तारलाई चुनौती दिएको छ। पोखरा र गौतम बुद्धमा गरिएको ठूलो लगानीले पनि अपेक्षित अन्तर्राष्ट्रिय उडान पाउन सकेको छैन। दुर्गम क्षेत्रका विमानस्थलहरू भने नियमित सेवाको अभावमा संघर्ष गरिरहेका छन्। त्यसैले नेपाललाई एकैपटक तीन तहको हवाई रणनीति चाहिन्छ–त्रिभुवन विमानस्थलको तत्कालीन क्षमता सुधार, पोखरा र गौतम बुद्धलाई उनीहरूको क्षेत्रीय भूमिकाअनुसार व्यावसायिक रूपमा सञ्चालन गर्ने योजना, र भविष्यको ठूलो अन्तर्राष्ट्रिय हवाई मागलाई धान्न सक्ने निजगढजस्तो आयोजनाको दीर्घकालीन सम्भाव्यता। निजगढ निर्माण गर्ने निर्णय भए पनि वातावरणीय र स्थानीय प्रश्नलाई बेवास्ता गरेर अघि बढ्न सकिँदैन। वातावरणीय संरक्षणको नाममा भविष्यको पूर्वाधार आवश्यकतालाई अनिश्चितकालसम्म रोक्नु पनि समाधान होइन। त्यसैगरी ठूलो विमानस्थलको सपना देखाएर वित्तीय स्रोत, यात्रु माग र सञ्चालन मोडालिटीको यथार्थ हिसाब नगर्नु पनि उचित हुँदैन।

अन्ततः निजगढको वास्तविक गाँठो कहाँ छ भन्ने प्रश्नको उत्तर एउटै शब्दमा दिन सकिँदैन। अदालतले पुरानो प्रक्रियामाथि प्रश्न उठायो, वातावरणले नयाँ प्रक्रियाको सीमा तोक्छ, स्थानीय प्रश्नले सामाजिक स्वीकृति माग्छ। तर अहिले आयोजना निर्माणमा लैजाने सबैभन्दा ठोस प्रश्न भने पैसा कहाँबाट ल्याउने, कुन मोडलमा बनाउने र निर्माणपछि विमानस्थललाई कसरी व्यावसायिक रूपमा सञ्चालन गर्ने भन्ने हो। नेपालको हवाई इतिहास घाँसे मैदानबाट सुरु भएको थियो। सात दशकपछि प्रश्न फेरि विमानस्थलको संख्याको मात्र होइन, कस्तो हवाई पूर्वाधारले आगामी पुस्ताको नेपाललाई विश्वसँग जोड्न सक्छ भन्ने ठाउँमा आइपुगेको छ। निजगढको निर्णय पनि यही दीर्घकालीन दृष्टिबाट हुनुपर्छ।

*लेखक कृषि र पर्यटन अभियान्ता, उपभोक्ता अधिकारकर्मी एवं प्रशिक्षक हुनुहुन्छ ।*

# सुत्केरी महिला तथा श्रीमानलाई प्रसूति स्याहार र परिवार योजना

विश्वमा दिनप्रतिदिन जनसंख्या वृद्धिदर घट्दै गइरहेको छ। यसै सन्दर्भमा विकासोन्मुख देशहरूमा पनि यो क्रम जारी छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, ६० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकको संख्या २०६८ देखि २०७८ सम्म ३८.२ प्रतिशतले बढेको देखिन्छ। औसत आयु बढिरहेको अवस्थामा राज्यले सामाजिक सुरक्षा भत्ताको बजेट हरेक वर्ष बढाउनुपरेको छ। साथै, उपचार र केयरटेकर (हेरचाहकर्ता) लगायतमा परिवारको खर्चसमेत बढिरहेको छ।

यसका मुख्य कारणहरूमा बसाइँसराइ, रोजगारी तथा अध्ययनका लागि घरबाट बाहिर जानु, परिवारको संरचनामा परिवर्तन हुनु, बेरोजगारी बढ्नु, कमाउने सदस्यको संख्यामा कमी हुनु, तथा शिक्षा र स्वास्थ्य सेवा सहुलियत दरमा उपलब्ध नहुनु रहेका छन्। यसबाहेक, सरकारले दिने प्रसूति बिदा तथा प्रसूतिसम्बन्धी आकर्षक प्याकेजहरूको कमी, प्रजनन दरमा कमी, औसत आयुमा वृद्धि, तथा युवा-युवतीहरूमा विवाह गर्न निरुत्साहित हुनु जस्ता विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष कारणहरू पनि छन्। यस्ता कारणले गर्दा मानिसहरूलाई सन्तान जन्माउने इच्छा हुँदाहुँदै पनि सन्तान जन्माउन नसकिरहेको अवस्था देखिन्छ।

स्वास्थ्य मन्त्रालयले 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' संशोधनका लागि तयार पारेको विधेयकमा एक महत्त्वपूर्ण व्यवस्था प्रस्ताव गरिएको छ। सरकारले सुत्केरीलाई कम्तीमा ६ महिना तलबसहितको प्रसूति बिदा र श्रीमानलाई ४२ दिनसम्म तलबसहितको प्रसूति स्याहार बिदा दिने व्यवस्था प्रस्ताव गर्नु हामी तमाम नेपालीका लागि खुसीको कुरा हो।

यसै सन्दर्भमा, जनसंख्या संकायमा अध्ययनरत विद्यार्थी भएको हिसाबले म केही कुरा राख्न चाहन्छु। नेपाली जनमानसमा विगतका वर्षदेखि आमा र बच्चाका लागि उपलब्ध गराउँदै आएको सेवा-सुविधा दुई सन्तानका लागि मात्र सीमित हुनेछ भन्ने धारणा सर्वत्र रहेको पाइन्छ। यसका लागि, दुई सन्तान मात्र नभई सोभन्दा बढी सन्तान पनि परिवार योजनासहित जन्माउने सबैका लागि लागू हुने गरी यस ऐनमा संशोधन हुन जरुरी छ। साथै, यो व्यवस्था सरकारी क्षेत्रबाहेक निजी, गैरसरकारी संस्था, शिक्षण संस्था, संस्थान, बैंक, प्रतिष्ठान तथा अन्य सबै क्षेत्रमा लागू हुने गरी ल्याउन जरुरी देखिन्छ। यसले राज्यलाई भविष्यमा आउन सक्ने विभिन्न किसिमका कठिनाइहरूको निराकरण गर्न सहयोग पुग्नेछ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। जसमा महिलाको संख्या करिब १ करोड ४९ लाख रहेको छ भने पुरुषको संख्या १ करोड ४२ लाख ५३ हजार ५५१ रहेको छ।

**१५ देखि ४९ वर्षको प्रजनन उमेर समूहका विवाहित महिलाको संख्या:**

१५ देखि १९ वर्ष: २१३,३२०
२० देखि २४ वर्ष: ९२०,६६५
२५ देखि २९ वर्ष: १,१७०,४८०
३० देखि ३४ वर्ष: १,१२०,२७९
३५ देखि ३९ वर्ष: १,०८०,०९४
४० देखि ४४ वर्ष: ९०३,२८३
४५ देखि ४९ वर्ष: ७३६,९१८
जम्मा: ६,१४५,०३९

> नेपाली जनमानसमा विगतका वर्षदेखि आमा र बच्चाका लागि उपलब्ध गराउँदै आएको सेवा–सुविधा दुई सन्तानका लागि मात्र सीमित हुनेछ भन्ने धारणा सर्वत्र रहेको पाइन्छ। यसका लागि, दुई सन्तान मात्र नभई सोभन्दा बढी सन्तान पनि परिवार योजनासहित जन्माउने सबैका लागि लागू हुने गरी यस ऐनमा संशोधन हुन जरुरी छ।



विष्णु बास्कोटा

**१५ देखि ४९ वर्षको प्रजनन उमेर समूहका अविवाहित महिलाको संख्या:**

१५ देखि १९ वर्ष: १,२५८,६०५
२० देखि २४ वर्ष: ५६१,३९८
२५ देखि २५ वर्ष: १६६,६०४ (नोट: २५-२९ वर्ष)
३० देखि ३४ वर्ष: ४८,५०३
३५ देखि ३९ वर्ष: २४,५२१
४० देखि ४४ वर्ष: १६,०८८
४५ देखि ४९ वर्ष: ११,६०२
**जम्मा:** २,०८७,३२१

औसत १५ देखि ४९ वर्षका महिलाको प्रजनन दर १.९४ रहेको छ । नेपालको राष्ट्रिय जनगणना २०६८ सालको तुलनामा २०७८ मा प्रजनन दर ०.६६ ले घटेर १.९४ मा आएको छ, जुन २५.४ प्रतिशतले घटेको पाइन्छ। यो प्रतिस्थापन तहभन्दा कम हो। प्रतिस्थापन तह २.१ हुनुपर्छ। नेपालको कुल जन्मदर प्रतिहजार १४.४२ रहेको छ।

हाल नेपालको जन्मदर राष्ट्रिय जनगणना २०७८ अनुसार प्रजनन दर १.९२ प्रतिमहिलामा छ। (स्रोत: नेपालको राष्ट्रिय जनगणना २०७८)

स्मरण रहोस्, जन्मदर र प्रजनन दर फरक कुरा हुन्।

हाम्रो जस्तो देशका लागि भविष्यमा यसले गम्भीर समस्या निम्त्याउन सक्छ। यसै सन्दर्भमा, प्रत्येक प्रजनन उमेरका महिला वा पुरुषहरूले नेपालमा उपलब्ध परिवार योजनाका साधनहरूका बारेमा अनिवार्य जानकारी लिन आवश्यक छ। साथै, सरकारले पनि ती साधनहरू सरकारी स्वास्थ्य संस्थाहरूमा सधैं उपलब्ध हुने सुनिश्चितता गर्नुपर्दछ।

यसैगरी, स्वास्थ्य मन्त्रालयले हरेक वर्ष १३ औं राष्ट्रिय परिवार योजना दिवस मनाउँदै आइरहेको छ। यस वर्ष 'विपद् होस् वा सामान्य अवस्था, परिवार योजना सबैको आवश्यकता' भन्ने मूल नाराका साथ प्रदेश तथा स्थानीय तहमा सम्बन्धित संघसंस्थाहरूले स्थानीय आवश्यकता, स्रोत तथा परिस्थिति अनुसार विभिन्न जनचेतनामूलक तथा सेवा प्रवर्द्धनात्मक कार्यक्रमसहित 'राष्ट्रिय परिवार योजना दिवस' मनाइरहेका छन्।

तसर्थ, भावी सन्ततिहरूले सन्तान जन्माउन, उपयुक्त शिक्षा र रोजगारी आदिका विषयमा सोचविचार गरी भावी परिवारको योजना तयार गरेर सुन्दर र सुखी परिवार निर्माण गर्न सफल हुनेछन्, जसले समुदाय, परिवार तथा राज्य सबैलाई फाइदा पुग्नेछ। यही सन्दर्भमा, १३ औं राष्ट्रिय परिवार योजना दिवस २०८३ को हार्दिक शुभकामना व्यक्त गर्दछु!

-(विष्णु बास्कोटा जनसंख्या विषयमा अध्ययनरत विद्यार्थी हुन्। उनी त्रिभुवन विश्वविद्यालय, जनसंख्या अध्ययन केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौंमा अध्ययनरत छन्।)

# बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग मन्त्री लम्सालको छलफल



काठमाण्डु । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले लगातारको वर्षाका कारण क्षति पुगेका क्षेत्रका जनप्रतिनिधिसँग सोमबार छलफल गर्नुभएको छ ।

बाढी र पहिरोका कारण देशभर जनजीवन प्रभावित भएपछि मन्त्री लम्सालले प्रधानमन्त्रीका सल्लाहकार सुदीप ढकालसहित प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग पुनःस्थापना तथा क्षतिग्रस्त भौतिक पूर्वाधारको पुनर्निर्माणका विषयमा छलफल गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

सो अवसरमा बाढीका कारण विस्थापित परिवारका लागि अस्थायी आवासको व्यवस्था तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तत्काल अघि बढाउने विषयमा छलफल भएको छ ।

मन्त्री लम्सालले पछिल्लो तीन दिनको बाढी र वर्षाका कारण क्षति पुगेका पुल, सडक, झोलुङ्गे पुल, खानेपानीलगायतका आयोजनाको क्षति मूल्याङ्कन गरी तत्काल बजेट व्यवस्थापन गरेर बोलपत्र प्रक्रियामार्फत पुनर्निर्माणको काम अघि बढाउने बताउनुभएको छ । उहाँले यसै महिनाभित्र पुनर्निर्माणको काम सुरु गर्ने प्रतिबद्धता छलफलका क्रममा व्यक्त गर्नुभएको छ ।

लगातारको वर्षा र बाढीका कारण कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको पोखरेबगर, बागलुङको मालढुङ्गा तथा तनहुँ र नवलपरासीको देदगाउँस्थित पुलको एप्रोच सडक बगाएको छ । यस्तै, कालीगण्डकीको पक्की पुल बगाएको छ । कालीगण्डकी करिडोरका विभिन्न सडकखण्डका साथै डुम्रे-बैंसीसहर-चामे सडकखण्डमा ठूलो क्षति पुगेको छ ।

डुम्रे-बैंसीसहर-चामे सडकखण्डअन्तर्गत लमजुङमा मर्स्याङ्दी नदीको कटानका कारण करिब ४० मिटर सडक पूर्ण रूपमा भासिएको छ । नासो, खोत्रो मनाङमा ढुङ्गासहितको पहिरोका कारण सडक अवरुद्ध छ ।

नासो, बगरछाप मनाङमा मर्स्याङ्दी नदीको कटानका कारण करिब ५० मिटर सडक पूर्ण रूपमा भासिएको छ । मनाङको चामेमा बाढीका कारण तीन अस्थायी काठेपुल बगेका छन् । बाढी र पहिरोका कारण काठमाडौं उपत्यका जोड्ने पृथ्वी राजमार्ग, बिपी राजमार्ग र कान्ति लोकमार्गसहित विभिन्न जिल्लाका दर्जनभन्दा बढी स्थानमा क्षति पुगेको छ ।

बाढी तथा पहिरोका कारण रुकुमपूर्वको नाथीगाड झोलुङ्गे पुल, बागलुङ-पर्वत जलजला फोर्से झोलुङ्गे पुलमा पूर्ण रूपमा क्षति पुगेको छ ।

तनहुँको घिरिङ करुवाटार-नवलपुरको बुलिङटार मचेडी जोड्ने झोलुङ्गे पुल, स्याङ्जाको गल्याङ बेल्चौर-पाल्पाको रम्भा नौगाउँ-साठी बजार जोड्ने झोलुङ्गे पुलमा आंशिक क्षति पुगेको छ ।

यस्तै, पाल्पाको कासिबन-तनहुँको अत्रौली जोड्ने झोलुङ्गे पुल, पर्वत-स्याङ्जा जोड्ने सेतीबेणी झोलुङ्गे पुल तथा म्याग्दीको बेनी-पर्वतको जलजला जोड्ने झोलुङ्गे पुलमा क्षति पुगेको छ । बाढी र पहिरोले ३१ वटा खानेपानी आयोजनामा क्षति पुगेको प्रारम्भिक विवरण छ । रासस

# जलवायु न्यायको आवाजलाई अन्तरराष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा प्रस्तुत गरिनेछ: वनमन्त्री चौधरी



काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले आगामी दिनमा पर्वतीय कूटनीतिलाई अझ सशक्त बनाउँदै जलवायु न्यायमा नेपालको आवाजलाई कोप-३१ लगायतका अन्तरर ाष्ट्रिय मञ्चमा थप प्रभावकारी रूपमा प्रस्तुत गरिने बताउनुभएको छ ।

'जलवायु न्यायका लागि पर्वतीय कूटनीति विषयक' परिसंवाद कार्यक्रमलाई आइतबार सम्बोधन गर्दै उहाँले यो विषय केवल नेपालका लागि मात्र नभई विश्वका सबै हिमाली र तल्लो तटीय देशका साथसाथै समग्र पृथ्वीका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

"हिमाल पृथ्वीको जीवन धान्ने महत्त्वपूर्ण प्रणाली हो । यसले नेपालभन्दा धेरै परसम्मका अर्बौं जनसङ्ख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि तथा जीविकोपार्जन उपलब्ध गराउँदछ", मन्त्री चौधरीले भन्नुभयो ।

हिमाल आज जलवायु परिवर्तनको सबैभन्दा अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै उहाँले हिमाली बाढी, पहिरो, हिमताल विस्फोट र हिमनदी पग्लने जोखिम बढ्दो क्रममा रहेको बताउनुभयो । जलवायु परिवर्तनले नाजुक हिमाली पारिस्थितिक प्रणालीलाई अस्थिर बनाइरहेको उहाँको कथन थियो । हिमाली देशको साझा आवाजका लागि पर्वतीय कूटनीति आवश्यक रहेको उहाँको भनाइ छ ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको अत्यन्त न्यून योगदान (०.१% भन्दा कम) छ । यद्यपि, जलवायु परिवर्तनको प्रभाव नेपालले असामान्य रूपमा भोगिरहेको उल्लेख गर्दै उहाँले यो न्याय नभएको र असमानता हो भन्नुभयो ।

"यही असमानता नेपालको जलवायु कूटनीतिको नैतिक आधार हो । हामीले सहानुभूति होइन, जलवायु न्याय मागेको हो । जवाफदेहिता मागेको हो", मन्त्री चौधरीले भन्नुभयो ।

जलवायु न्यायको कुरा गर्दा जहिले पनि प्रभावित मानिसलाई प्राथमिकतामा राख्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो । मन्त्री चौधरीले भोटेकोशीको बाढीका कारण करिब एक हजार ४०० जनाको मृत्यु भएको र करिब छ हजारभन्दा बढी मानिस बेपत्ता भएको अवस्थामा निरन्तर खोजी, मर्यादित सहयोग, आश्रय, स्वास्थ्य सेवा र सुरक्षित पुनर्लाभ र पुनर्स्थापना पहिलो प्राथमिकता रहेको उल्लेख गर्नुभयो ।

प्रभावित समुदाय र अत्यावश्यक पूर्वाधार बाढीले बगाएर लगेको अवस्थामा पहिले नै ठूलो क्षति व्यहोरिरहेको मुलुकमा थप ऋणको भार नथपी, अन्तरराष्ट्रिय सहयोग प्रभावित मानिससम्म छिटो पुग्नुपर्ने मन्त्री चौधरीको धारणा थियो । उहाँले भन्नुभयो, "पुनर्निर्माण गर्दा बालबालिका, महिला, अपाङ्गलाई केन्द्रमा राखेर सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था र जलविद्युत् आयोजनाको पुनर्स्थापनासँगै सुरक्षित योजना तर्जुमा, सुदृढ पूर्वसूचना प्रणाली र विपद्-प्रतिरोधी पूर्वाधारको विकास पनि सँगसँगै अघि बढाइनुपर्छ ।"

अनुगमन, पूर्वसूचना र पूर्वतयारीका विषयमा क्षेत्रीय सहकार्य साझा सुरक्षाको सवाल भएको उल्लेख गर्दै उहाँले प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको महासभामा भने जस्तै चीन, नेपाल र भारतबीच हिमालय जलवायु उत्थानशीलता संयन्त्र निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । साथै उहाँले ऐतिहासिक दायित्व र क्षमता भएका राष्ट्रले पुनर्लाभ तथा विपद्-प्रतिरोधात्मक क्षमता विकासका लागि आर्थिक सहयोग गर्नुपर्ने बताउनुभयो ।

जलवायुमैत्री बजेट, क्लाइमेट-स्मार्ट पूर्वाधार, स्थानीय तहसम्म जोखिम जानकारी र प्रकृतिमा आधारित समाधानमार्फत राष्ट्रिय क्षमता सुदृढ गर्नुपर्ने बताउँदै मन्त्री चौधरीले जलवायु न्याय दया नभई अधिकार भएको उल्लेख गर्नुभयो । "जलवायु वित्त सहयोगमात्र होइन, न्यायपूर्ण दायित्व हो र पर्वतीय मुद्दा नेपालको मात्र होइन सम्पूर्ण विश्वको साझा मुद्दा हो", उहाँले भन्नुभयो । रासस

## प्रतिनिधिसभा:

# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी विधेयकमाथिको प्रस्ताव स्वीकृत



काठमाण्डु । प्रतिनिधिसभाको बैठकले 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव' स्वीकृत गरेको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले प्रस्तुत गर्नुभएको उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको हो । प्रस्ताव प्रस्तुत गर्दै मन्त्री मेहताले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षालाई मध्यनजर गर्दै समयसापेक्ष कानुन तर्जुमा गर्न लागिएको बताउनुभयो । उहाँले विधेयकले अध्ययनरत चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमण र हातपातको अन्त्य हुने बताउनुभयो । मन्त्री मेहताले कैद र जरिवाना दुवैलाई समावेश गरेर विधेयक ल्याइएको बताउनुभयो । स्वास्थ्यकर्मीबाट हुने कुनै पनि गतिविधि र अभ्यासको लागि गुनासो राख्ने उचित प्रबन्ध मिलाइएको पनि उहाँले बताउनुभयो ।

यसअघि 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने' प्रस्तावको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसद खुश्बु ओलीले स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नु भनेको एउटा व्यक्तिमाथि मात्रै नभएर स्वास्थ्य सेवामाथि भएको आक्रमणको रूपमा चित्रित गर्नुभयो ।

सांसद भरत गिरीले चिकित्सक र स्वास्थ्यकर्मीले जुन हातले बिरामीलाई बचाउन खोजिएको हुन्छ सोही हात डराइडराई काम गर्न नसक्ने अवस्था सिर्जना गर्न नहुने बताउँदै बिरामीको आफन्तबाट धम्की र आक्रमण कुनै पनि हालतमा सह्य नभएको बताउनुभयो ।

सासंद पुकार बमले उपचार गर्ने बिरामी र उपचार गर्ने स्वास्थ्यकर्मी एकअर्काका परिपुरक भएको बताउँदै केही समय अघि नारायणी अस्पताल वीरगञ्जमा चिकित्सकमाथि भएको हातपातको घटनाले पनि यो विधेयकको आवश्यकता र औचित्य झनै बढाएको बताउनुभयो ।

सासंद मञ्जु भुसालले यो विधेयकले स्वास्थकर्मीको सुरक्षालाई सुनिश्चिता गर्दै स्वास्थ्यकर्मीले पनि इमान्दार र स्वच्छ ढङ्गले उपचार तथा सेवातर्फ जिम्मेवार बनाउने विश्वास व्यक्त गर्नुभयो ।

सासंद करिश्मा कठरियाले चिकित्सक तथा स्वास्थ्यकर्मी अस्पताल नै कुटपिट हुनु दुर्भाग्य भएकाले पनि यस विधेयकले समयसान्दर्भिक सुधार र सुरक्षाको प्रत्याभूति दिलाउने बताउनुभयो ।

सासंद गणेश कार्की, रमेशकुमार मल्ल, कमल सुवेदी, ज्ञानेन्द्रसिंह महता, आशा झा, टेकबहादुर शाक्य, पार्वती विक, अचुतम लामिछाने, टुकाभद्रा हमाल, समिना मियाँ, साजिदा खातुन सिद्धिकी, यज्ञमणि न्यौपाने, प्रभा ढकाल, पुष्पाकुमारी चौधरी, गणेश पौड्याल, समिक्षा बाँस्कोटा, तोशिमा कार्की, गणेशबहादुर विश्वकर्मा, ओजश्वी शेरचन, हरिप्रसाद भुसाल, नरेन्द्र साह कलवार, हरिमोहन भण्डारी, गङ्गादेवी श्रेष्ठ, मधुकुमार चौलागाई, राजन गौतम, लेखजङ्ग थापालगायतले स्वास्थ्यकर्मीमाथि कुनै पनि हालतमा आक्रमण सह्य नहुने र अस्पतालमा हुने गुनासोको पनि सही ढङ्गले सम्बोधन हुनुपर्ने बताउनुभयो । रासस

# राष्ट्रियसभा: विपद् व्यवस्थापनदेखि संवैधानिक आयोगका विषयमा सांसदद्वारा सरकारको ध्यानाकर्षण



काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरुले सदनप्रतिको जवाफदेहिता तथा संवैधानिक आयोग थप सशक्तिकरणका विषयमा सरकारको ध्यानार्कषण गराउनुभएको छ ।

सभाको सोमबारको बैठकमा विशेष समयमा बोल्दै सांसदहरुले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई प्रहरीले नियन्त्रणमा लिएको विषय, बाढीपहिरोबाट भएको क्षति, चाडपर्वमा बजार अनुगमनलगायतका विषयमा सभाअध्यक्षमार्फत सरकारको ध्यानार्कषण गराउनुभएको हो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद जयन्तीदेवी राईले चार दिनको लगातारको वर्षाले देशका विभिन्न स्थानमा पारेको प्रभावबारे सरकारको ध्यानाकर्षण गराउँदै क्षतिग्रस्त तथा अवरुद्ध राष्ट्रिय राजमार्ग तत्काल मर्मत गरी सञ्चालनमा ल्याउन माग गर्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद विष्णुबहादुर विश्वकर्माले नजिकिँदै गरेको चाडपर्वमा खाद्यान्न, नुन, तेललगायत दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि तथा कृत्रिम अभाव हुन नदिन बजार अनुगमन बढाउन माग गर्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद भुवनबहादुर सुनारले मन्त्रीहरु सदनमा आउन गाह्रो मान्ने गरेको टिप्पणी गर्दै सरकार सदनप्रति जवाफदेही हुनुपर्ने धारणा राख्नुभयो । नेपाली कांग्रेसका सांसद आनन्दप्रसाद ढुङ्गानाले पूर्वप्रधानन्यायाधीश जबरालाई प्रहरीले नियन्त्रणमा लिएको विषयमा आपत्ति जनाउनुभयो ।

नेपाली कांग्रेसका सांसद चन्द्रबहादुर केसीले पूर्वप्रधानन्यायाधीश जबरालाई नियन्त्रणमा लिएको विषयमा आपत्ति जनाउँदै विधिको शासनलाई सर्वोपरि मानेर सरकार अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । नेकपा (एमाले) का सांसद मीना सिंह रखालले विपद्को पूर्वसूचना प्राप्त भएपछि नागरिकलाई सुरक्षित स्थानमा सार्ने तथा उद्धारका लागि पूर्वतयारीमा जोड दिनुभयो । उहाँले बाढीपहिरोबाट सडक, घर तथा पुलमा क्षति पुगेको उल्लेख गर्दै आगलागीका घटनामा प्रभावितलाई राहतको व्यवस्था गर्न माग गर्नुभयो ।

नेकपा (एमाले) का सांसद सोमनाथ पोर्तेलले अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिरोबाट प्रभावितलाई राहत उपलब्ध गराउन माग गर्नुभयो । उहाँले बेपत्ताको खोजी, घाइतेको शीघ्र उपचार तथा विस्थापित परिवारलाई पुनःस्थापना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

यस्तै जनता समाजवादी पार्टी, नेपालका सांसद मोहम्मद खालिदले संवैधानिक आयोगलाई थप सशक्त बनाउन माग गर्नुभयो । उहाँले रिक्त पदमा पदाधिकारी नियुक्तिको प्रक्रिया अविलम्ब अघि बढाउन, आयोगलाई पर्याप्त बजेट उपलब्ध गराउन तथा आयोग गाभ्ने वा खारेजनगर्नसरकारकोध्यानाकर्षण गराउनुभयो । संवैधानिक आयोगका सिफारिस अनिवार्य कार्यान्वयनका लागि समेत उहाँले आग्रह गर्नुभयो ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो ।

राष्ट्रियसभाको अर्को बैठक यही असोज १५ गते बिहीबार अपराह्न १:१५ बजे बस्नेछ ।रासस

# शिक्षामन्त्री पोखरेलसँग रुसका राजदूतको शिष्टाचार भेट

काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि रुसका राजदूत एलेक्सी भ्लादिमेरोभिकले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा सोमबार भएको उक्त भेटमा नेपाल र रुसबीचको द्विपक्षीय सम्बन्ध तथा आपसी हितका विषयमा छलफल भएको थियो । भेटमा शिक्षा, खेलकुद, जनशक्ति विकास, तथा अन्य पारस्परिक हितका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको मन्त्री पोखरेलको सचिवालयले जनाएको छ ।

भेटमा मन्त्री पोखरेलले नेपालको जनशक्ति विकासमा रुस सरकारले पुर्‍याउँदै आएको योगदान र सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो । उहाँले शिक्षा तथा खेलकुदका क्षेत्रमा नेपाल र रुसबीचको सहकार्यलाई थप विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय हरिवन, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : हरिवन, सर्लाही | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : चुडामणि भट्टराई**<br>ना.प्र.नं. ३६४१२७४४, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/०९/१३<br>बाबुको नाम : इन्द्र प्रसाद उपाध्याय, बाजेको नाम : भवदत भट्टराई<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन वडा नं. २, हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सृजना उपाध्याय**<br>ना.प्र.नं. ३३२०८१/२४२६४, जि.प्र.का. बारा<br>जारी मिति : २०६५/०४/१२<br>पतिको नाम : चुडामणि भट्टराई<br>ससुराको नाम : इन्द्र प्रसाद उपाध्याय<br>ठेगाना : बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ | **२. नाम : चतुरमणि भट्टराई**<br>ना.प्र.नं. ३६४११०५२०, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५१/०३/३०<br>बाबुको नाम : इन्द्र प्रसाद उपाध्याय<br>बाजेको नाम : भवदत भट्टराई<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन वडा नं. २<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ |
| | **धितोको विवरण** | |
| | चुडामणि भट्टराईको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन वडा नं. १ ख स्थित कित्ता नं. २०७७ र २०७९ को क्षेत्रफल क्रमश: ०-१-१० र ०-१-१८१/२ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : राम असिष महतो**<br>ना.प्र.नं. ८३६५२२३७, जि.प्र.का. सर्लाही, जारी मिति : २०५२/०४/११<br>बाबुको नाम : मोती महतो कोईरी, बाजेको नाम : छठु महतो<br>ठेगाना : सर्लाही जिल्ला, सासापुर वडा नं. ३, हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ४ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : उषा कुमारी महतो**<br>ना.प्र.नं. ८३६५०१९३, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५६/०९/११<br>पतिको नाम : राम असिष महतो<br>ससुराको नाम : मोती महतो कोईरी<br>ठेगाना : सर्लाही जिल्ला, सासापुर वडा नं. ३<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ४ | **२. नाम : किरण कुमारी महतो**<br>ना.प्र.नं. १९-०२-०७-०२८००, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७०/१२/१६<br>बाबुको नाम : राम असिष महतो<br>बाजेको नाम : मोती महतो कोईरी<br>ठेगाना : सर्लाही जिल्ला, सासापुर वडा नं. ३<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** | |
| | राम असिष महतोको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, अत्रौली वडा नं. २ क स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-८-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| ३. | **नाम : आसा देवी**<br>ना.प्र.नं. ३२३०८६/४०७, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१०/०६<br>पतिको नाम : रामजी राय यादव<br>ससुराको नाम : सहदेव राय यादव<br>ठेगाना : सर्लाही जिल्ला, हजरिया वडा नं. ९<br>हाल : सर्लाही जिल्ला, बरहथवा ना.पा. वडा नं. ४ | **२. नाम : रामजी राय यादव**<br>ना.प्र.नं. ६३५६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६१/०१/१७<br>बाबुको नाम : सहदेव राय यादव<br>बाजेको नाम : लङ्गरा यादव<br>ठेगाना : सर्लाही जिल्ला, हजरिया वडा नं. ९<br>हाल : सर्लाही जिल्ला, बरहथवा ना.पा. वडा नं. ४ |
| | **धितोको विवरण** | |
| | आसा देवीको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हजरिया गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ८४९ को क्षेत्रफल ०-०-१० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : हरिवन, सर्लाही, फोन नं. ०४६-५३००८३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# गुणस्तरीय समावेशी शिक्षाका लागि कानुनी तथा नीतिगत सुधारमा सांसदको जोड



काठमाण्डु । संविधानले प्रत्याभूत गरेको शिक्षासम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्दै गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चितताका लागि कानुनी तथा नीतिगत सुधार गर्न सांसद र सरोकारवालाले जोड दिएका छन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ नेपाल) द्वारा सोमबार यहाँ आयोजित 'गुणस्तरीय समावेशी शिक्षा प्रवर्द्धनमा सरोकारवालाको सिकाइ आदानप्रदान' कार्यक्रममा सहभागी सङ्घीय सांसद तथा सरोकारवालाले शिक्षा क्षेत्रमा बजेट वृद्धि, राज्यको प्राथमिकता र सोचमा परिवर्तन आवश्यक रहेको बताएका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका विद्यार्थीका लागि उनीहरुको भावना र चाहना अनुसारको नीति तथा संरचनात्मक सुधार आवश्यक भएको बताउनुभयो ।

नेकपा (एमाले) की सांसद यशुदाकुमारी बरालले प्रत्येक बालबालिकालाई निःशुल्क, समान र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु आजको महत्त्वपूर्ण राष्ट्रिय दायित्व भएको तथा विशेषतः अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय र शिक्षामा पछाडि पारिएकाहरूको पहुँच, सहभागिता तथा सिकाइ सुनिश्चित गर्न समावेशी शिक्षालाई व्यवहारमै प्रभावकारी बनाउनु आवश्यक छ भन्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद रमेश मल्लले विगतदेखि नै आफूहरुले सङ्घीय विद्यालय शिक्षा ऐन ल्याउन प्रयास गरे पनि सफल नभएकाले अब हुने कानुनी परिवर्तनमा गुणस्तरीय समावेशी शिक्षाका आयामलाई गहिरोसँग आत्मसात् गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय महिला आयोगका सदस्य कृष्णकुमारी पौडेल (खतिवडा)ले नीतिमा भएका व्यवस्थाको व्यवहारतः कार्यान्वयन नभएसम्म लैङ्गिक समावेशीता कायम नहुने बताउनुभयो । कार्यक्रममा बनेपा नगरपालिकाका उपप्रमुख एवं नेपाल नगरपालिका सङ्घ, बागमती प्रदेशका सदस्य विमला सापकोटा, महाभारत गाउँपालिकाका अध्यक्ष एवं गाउँपालिका राष्ट्रिय महासङ्घका बाग्मती प्रदेश सदस्य कान्छालाल जिम्बा र गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामाले स्थानीय तहमा समावेशी शिक्षा प्रवर्द्धनका लागि भएका सफल प्रयास, नवीन अभ्यास, अनुभव र सिकाइबारे जानकारी गराउँदै कक्षा १२ सम्मको शैक्षिक स्वायत्तता आफूहरुलाई दिइनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा विभिन्न तहका सरकारका प्रतिनिधि, शिक्षा क्षेत्रका विज्ञ, नागरिक समाजका प्रतिनिधि तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो ।रासस

# युरोपेली एकताको आधार सम्झाउँदै पोप लियोद्वारा शान्ति र संवादको आह्वान

एपी

मेट्ज । पोप लियो चौधौँले सोमबार धार्मिक नेताहरूलाई शान्ति र एकताको सन्देश फैलाउन आग्रह गर्नुभएको छ। दोस्रो विश्वयुद्धपछि युरोपको एकीकरणमा संवादले खेलेको भूमिकाको स्मरण गर्दै उहाँले फ्रान्सको चारदिने भ्रमण मेट्जबाट समापन गर्नुभएको हो।



लक्जमबर्ग र जर्मनीको सीमासँग नजिक रहेको पूर्वीफ्रान्सेली सहर मेट्जमा आयोजित अन्तरधार्मिक बैठकमा पोप लियोले यहुदी, मुस्लिम, प्रोटेस्टेन्ट र अर्थोडक्स धार्मिक नेताहरूलाई सम्बोधन गर्नुभयो। बैठक युरोपेली एकताका संस्थापक नेतामध्ये एक फ्रान्सेली क्याथोलिक राजनीतिज्ञ रोबर्ट शुमानको नाममा रहेको सम्मेलन केन्द्रमा आयोजना गरिएको थियो।

युद्ध, आप्रवासन र सामाजिक ध्रुवीकरणजस्ता चुनौतीको सामना गर्न युरोपले संवादको आफ्नो परम्परा सम्झनुपर्ने सन्देश दिन पोपले भ्रमणको अन्तिम कार्यक्रम मेट्जमा राख्नुभएको हो।

सम्बोधनका क्रममा उहाँले प्रतिद्वन्द्वीबीच पनि संवाद अघि बढाउने शुमानको उदाहरण प्रस्तुत गर्दै सीमापार मित्रता र शान्ति प्रवर्द्धन गर्नु धार्मिक नेताहरूको साझा दायित्व भएको बताउनुभयो।

"हिंसा वा दमनलाई जायज ठहराउन ईश्वरको नाम लिनु त्यो नामको अपमान गर्नु हो," पोपले भन्नुभयो। धार्मिक संवादले 'हृदय र शब्दको निशस्त्रीकरण'को आह्वान गर्नुपर्ने उहाँको भनाइ थियो।

**ठूलो जनसमूह र सुरक्षा व्यवस्था**

फ्रान्सको भ्रमणका क्रममा पोपले युरोपले आफ्नो क्रिस्चियन विरासतलाई सम्झनुपर्ने र त्यसलाई वर्तमान नैतिक तथा भू-राजनीतिक चुनौतीसँग जोड्नुपर्ने सन्देश दिनुभएको छ।

आइतबार लुर्देसस्थित क्याथोलिक तीर्थस्थलमा उहाँले फ्रान्समा हालै पारित चिकित्सकीय सहयोगमा मृत्युवरणसम्बन्धी कानुनको आलोचना गर्नुभएको थियो। भ्रमणका क्रममा उहाँलाई भेट्न विभिन्न स्थानमा ठूलो जनसमूह उपस्थित भएको थियो। पेरिसको प्लास डे ला कन्कोर्डमा आयोजित प्रार्थना सभामा करिब आठ लाख मानिस सहभागी भएको आयोजकले बताएका छन्।

सोमबार बिहान लुर्देसबाट मेट्जतर्फको उडानमा पोप सवार एयर फ्रान्सको चार्टर विमानलाई दुई फ्रान्सेली लडाकु विमानले सुरक्षा प्रदान गरेका थिए।

फ्रान्स भ्रमणको अन्तिम कार्यक्रमका रूपमा पोपले मेट्जको सेन्ट स्टेफन क्याथेड्रलमा प्रार्थना सभा सञ्चालन गर्नुभएको थियो। गोथिक वास्तुकलाको नमुनाका रूपमा रहेको उक्त क्याथेड्रलका रङ्गीन सिसाका झ्यालमध्ये केही यहुदी कलाकार मार्क शागालले डिजाइन गरेका थिए।

**शुमानको युरोपेली एकतामा योगदान**

दोस्रो विश्वयुद्ध सकिएको पाँच वर्षपछि सन् १९५० मा रोबर्ट शुमानले प्रस्तुत गरेको 'शुमान घोषणापत्र' युरोपेली एकताको महत्वपूर्ण आधार मानिन्छ। घोषणापत्रमा फ्रान्स र जर्मनीबीच कोइला तथा इस्पात उत्पादनलाई एकीकृत गर्न युरोपेली कोइला तथा इस्पात समुदाय स्थापना गर्ने प्रस्ताव गरिएको थियो।

दोस्रो विश्वयुद्धपछि आर्थिक सहकार्यका माध्यमबाट फ्रान्स र जर्मनीबीच अर्को युद्धको सम्भावना अन्त्य गर्ने उद्देश्य उक्त प्रस्तावमा रहेको थियो। युरोपेली कोइला तथा इस्पात समुदाय पछि युरोपेली सङ्घमा परिणत भएका संस्थाको पूर्ववर्तीमध्ये एक बन्यो।

नाजी शासनका बेला कैदमा परेका शुमानलाई सन् २०२१ मा क्याथोलिक चर्चले 'पूज्य' घोषणा गरेको थियो। यो उहाँलाई सम्भावित सन्त घोषणा गर्ने प्रक्रियाको एउटा चरण हो।

# कोहली र गिलको शतकमा वेस्ट इन्डिजमाथि भारतको सहज जित



एजेन्सी - विराट कोहली र शुभमन गिलको शतकसँगै भारतले वेस्ट इन्डिजविरुद्धको पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) मा ८ विकेटको सहज जित निकालेको छ।

तिरुवनन्तपुरममा वेस्ट इन्डिजले दिएको २ सय ९६ रनको लक्ष्य भारतले ४१.४ ओभरमा २ विकेट गुमाएर पूरा गर्‍यो। कोहली १ सय ३९ रनमा अविजित रहँदा कप्तान गिलले १ सय १० रन बनाए।

कोहलीले १ सय ४७ बलमा ११ चौका र ९ छक्का प्रहार गरे। उनको यो ओडिआई करियरको ५५औँ शतक हो। शतकसँगै उनले अन्तर्राष्ट्रिय क्रिकेटमा १५ हजार रन पनि पूरा गरेका छन्। लिस्ट 'ए' क्रिकेटमा भने कोहलीको शतक संख्या ६० पुगेको छ, जुन सचिन तेन्दुलकरको कीर्तिमानसँग बराबरी हो।

गिलले १ सय २ बलमा १२ चौका र २ छक्कासहित १ सय १० रन बनाए। उनले ६७औँ ओडिआई इनिङ्समा १०औँ शतक पूरा गरेका हुन्। ओडिआईमा छिटो १० शतक पूरा गर्ने उनी तेस्रो खेलाडी बनेका छन्।

यसअघि टस हारेर ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २ सय ९५ रन बनाएको थियो।

ओपनर जस्टिन ग्रिभ्सले १ सय १ रन बनाए। उनको यो ओडिआई करियरको पहिलो शतक हो। ग्रिभ्सले जोन क्याम्पबेलसँग पहिलो विकेटका लागि १ सय ३५ रनको साझेदारी गर्दै वेस्ट इन्डिजलाई बलियो सुरुवात दिलाएका थिए। क्याम्पबेलले ६२ रन बनाए।

तर, भारतका स्पिनर कुलदीप यादवले मध्यक्रममा लगातार विकेट निकाल्दै वेस्ट इन्डिजको रनगति रोकिदिए। कुलदीपले ४० रन खर्चेर ४ विकेट लिए। उनले वेस्ट इन्डिजका सुरुआती ५ मध्ये ४ विकेट आफ्नो नाममा लेखाए।

१ सय ७६ रनमा एक विकेटको अवस्थामा रहेको वेस्ट इन्डिज कुलदीपको प्रभावसँगै १ सय ९८ रनमा पाँच विकेट गुमाउने अवस्थामा पुगेको थियो। त्यसपछि अमिर जाङ्गुले ४३ बलमा ५८ रनको आक्रामक इनिङ्स खेल्दै टोलीलाई २ सय ९५ रनसम्म पुर्‍याए।

भारतले लक्ष्य पछ्याउँदा भने वेस्ट इन्डिजका बलरमाथि सुरुदेखि नै दबाब बनायो। गिलले एकातर्फ संयमित ब्याटिङ गर्दै रन जोडिरहँदा कोहलीले आक्रामक शैली अपनाए।

कोहलीले अल्जारी जोसेफविरुद्ध विशेष आक्रामक ब्याटिङ गरे। उनले जोसेफको बलमा तीन छक्कासहित ५३ रन बनाए। कोहलीले आफ्नो शतक पनि छक्काबाट पूरा गरेका थिए।

४१.४ ओभरमा लक्ष्य पूरा गरेसँगै भारतले तीन खेलको ओडिआई सिरिजमा १-० को अग्रता लिएको छ।

# अमेरिका-चीनले घटाउन सक्ने करका वस्तुको सूची सार्वजनिक



एएफपी

सान फ्रान्सिस्को । संयुक्त राज्य अमेरिका र चीनबीच व्यापारिक वस्तुमा कर घटाउने विषयमा सहमति जुटाउने तयारी भइरहेका बेला ह्वाइट हाउसले दुवै देशले कम कर लगाउन सक्ने वस्तुको सूची सार्वजनिक गरेको छ। यद्यपि, कुन वस्तुमा कति कर घटाउने र त्यसको समयतालिका भने सार्वजनिक गरिएको छैन।

ह्वाइट हाउसले आइतबार सार्वजनिक गरेको विवरणअनुसार अमेरिका र चीनले कर घटाउन सकिने वस्तुको सूची समीक्षा गर्नेछन् र ती वस्तुमा दुवै पक्षले पारस्परिक रूपमा कम कर लगाउने व्यवस्था गर्ने उद्देश्य राखिएको छ। यो व्यवस्थाले दुवै दिशामा करिब ३० अर्ब अमेरिकी डलर बराबरका वस्तुलाई समेट्नेछ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङले शुक्रबार व्यापारलगायत विषयमा छलफल गर्दै शिखर बैठक सम्पन्न गर्नुभएको थियो। सीको वासिङ्टन भ्रमणपछि ह्वाइट हाउसले गैरसंवेदनशील वस्तुमा थप अनुकूल कर व्यवस्था गर्न सिफारिस गर्ने विषयमा सहमति भएको घोषणा गरेको थियो। बेइजिङले शनिबार उक्त सम्झौताको पुष्टि गरेको छ।

अमेरिकाले चीनबाट आयात हुने आतसबाजी, क्रिसमसका सजावटी सामग्री, घरेलु सामान तथा खेलकुद सामग्रीलगायत ७७ वर्गका वस्तुमा कर घटाउन सक्ने सूचीमा उल्लेख छ।

त्यसैगरी, चीनले अमेरिकाबाट आयात गर्ने वस्तुको सूचीमा गाईको मासु, सुँगुरको मासु, कुखुराको मासु तथा समुद्री खाना, अन्न, दुग्धजन्य पदार्थ, ह्विस्की, कोइला र काठलगायत एक हजार ६०० भन्दा बढी वर्गका वस्तु समावेश छन्।

ह्वाइट हाउसका अनुसार चीनले सन् २०२७ र २०२८ मा अमेरिकाबाट कम्तीमा एक करोड मेट्रिक टन कोइला आयात गर्न पनि सहमति जनाएको छ।

राष्ट्रपति ट्रम्प र सीले गत वर्ष दक्षिण कोरियामा भएको बैठकमा व्यापार युद्धविरामका लागि सहमति गर्नुभएको थियो। त्यसअघि दुई देशबीचको व्यापार विवादका क्रममा केही वस्तुमा कर १०० प्रतिशतभन्दा बढी पुगेको थियो।

उक्त व्यापार युद्धविराम सुरुमा नोभेम्बरमा समाप्त हुने तय भए पनि दुवै पक्षले त्यसलाई जनवरी १० सम्म विस्तार गर्न सहमति गरेको अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले बताउनुभएको छ।

# निर्वाचन आयोगमाथि विपक्षीको दबाब

एएफपी

नयाँदिल्ली । भारतमा मतदाता सूचीको विशेष गहन संशोधन (एसआइआर) प्रक्रियामा अनियमितताको आरोप लागेपछि निर्वाचन आयोगमाथि छानविनको दबाब बढेको छ। विपक्षी दलहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा र सर्वोच्च अदालतको नेतृत्वमा अनुसन्धानको माग गरेका छन्।




'द इन्डियन एक्सप्रेस' को गत हप्ताको अनुसन्धानात्मक समाचारअनुसार एसआइआरसँग सम्बन्धित केही महत्त्वपूर्ण निर्णय तीनमध्ये दुई निर्वाचन आयुक्तको स्वीकृतिबिना लिइएको हुन सक्ने देखिएको छ। निर्वाचन आयोगले भने आफ्ना सबै निर्णय सर्वसम्मत र कानूनी रूपमा मान्य रहेको भन्दै आरोप अस्वीकार गरेको छ।

विपक्षी दलहरूले एसआइआरका क्रममा लाखौं मतदाताको नाम सूचीबाट हटाइएको र त्यसबाट प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टीलाई लाभ पुग्न सक्ने भन्दै लामो समयदेखि प्रश्न उठाउँदै आएका छन्।

उक्त दैनिकका अनुसार पछिल्लो १० महिनामा दुई निर्वाचन आयुक्तले एसआइआरका महत्त्वपूर्ण निर्णयबारे कम्तीमा १४ पटक औपचारिक असहमति जनाएका छन् र एक करोड ३० लाख मतदाता छुटेको बताइएको छ।

# पोर्चुगलको लगातार दोस्रो जित



एजेन्सी - यूईएफए नेसन्स लिगमा पोर्चुगलले नर्वेलाई २-१ ले पराजित गर्दै लगातार दोस्रो जित दर्ता गरेको छ। नर्वेका गोलरक्षक ओर्जान न्यालान्डको निर्णायक गल्तीको फाइदा उठाउँदै गोन्कालो रामोसले विजयी गोल गरेका थिए।

उल्लेभाल स्टेडियममा भएको खेलमा पोर्चुगलले १७औँ मिनेटमै जोआओ फेलिक्सको गोलबाट अग्रता लिएको थियो। पेड्रो नेटोको कटब्याकमा फेलिक्सले पेनाल्टी क्षेत्रको बाहिरबाट प्रहार गर्दै बललाई गोलमा परिणत गरे।पहिलो हाफको अन्त्यतिर नर्वेले बराबरीका लागि दबाब बढाए पनि पोर्चुगलका गोलरक्षक डियोगो कोस्टाले लगातार दुई उत्कृष्ट बचाउ गर्दै पोर्चुगलको अग्रता जोगाए।

दोस्रो हाफ सुरु भएको छैटौँ मिनेटमा एर्लिङ हालान्डले नर्वेलाई खेलमा फर्काए। मार्टिन ओडेगार्डको फ्रिकिकमा कोस्टाबाट आएको रिबाउन्डलाई प्याट्रिक बर्गले गोलक्षेत्रतर्फ पठाएपछि हालान्डले नजिकबाट गोल गर्दै खेल १-१ को बराबरीमा ल्याए।

तर बराबरी भएको तीन मिनेटमै नर्वेले फेरि अग्रता गुमायो। न्यालान्डले गरेको पास रामोसले बीचमै खोसेपछि उनले गोलरक्षकलाई अघि बढेको अवस्थामा भेट्टाउँदै बललाई माथिबाट चिप गरेर जाली चुमाए।

त्यसपछि नर्वेले बराबरीका लागि लगातार आक्रमण गरे पनि पोर्चुगलको रक्षापंक्ति र कोस्टाले उनीहरूलाई रोकिरहे। कोस्टाले खेलमा पाँच महत्वपूर्ण बचाउ गरे।

रामोसले अर्को गोल गरे पनि अफसाइडका कारण त्यसले मान्यता पाएन। राफाएल लियाओको प्रहार क्रसबारमा लागेर फर्किएको थियो।

# भारतमा बाढीपहिरोमा ६२ जनाको मृत्यु

एपी

लखनऊ । भारतको उत्तरी राज्य उत्तर प्रदेशमा तीन दिनदेखिको भारी वर्षापछि आएको बाढीमा परी कम्तीमा ६२ जनाको मृत्यु भएको छ भने ४६ जना घाइते भएका छन्। बाढीका कारण एक हजारभन्दा बढी घरमा क्षति पुगेको राज्य सरकारले सोमबार जनाएको छ।

भारी वर्षाले राज्यका विभिन्न जिल्लामा बाढी आएपछि राजधानी लखनऊसहित केही क्षेत्रमा सोमबार विद्यालय बन्द गरिएको छ। उद्धार टोलीले बाढी प्रभावित क्षेत्रबाट मानिसलाई सुरक्षित स्थानमा सारिरहेका छन्। स्थानीय बासिन्दालाई जलमग्न क्षेत्रमा अनावश्यक यात्रा नगर्न तथा तीव्र गतिमा बग्ने नदी, खोला र नालाबाट टाढा रहन आग्रह गरिएको छ।

लखनऊस्थित क्षेत्रीय मौसम विज्ञान केन्द्रका वरिष्ठ वैज्ञानिक अतुल कुमार सिंहका अनुसार बङ्गालको खाडीमा विकसित मौसम प्रणाली कमजोर हुँदै गएकाले सोमबारदेखि वर्षा कम हुने अपेक्षा गरिएको छ। उहाँका अनुसार मङ्गलबारसम्म राज्यका पूर्वी र पश्चिमी भागमा हल्का वर्षा भने जारी रहन सक्नेछ।

बाढीको प्रभाव भारतको पूर्वी राज्य ओडिसामा पनि परेको छ। त्यहाँ ७५ हजारभन्दा बढी मानिसलाई बाढी प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले बताएका छन्।



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैाक लि. ढल्केवर शाखाको २१ दिने सुचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नामः-श्री कृषि विकास बैाक लि. शाखा कार्यालय ढल्केवर, धनुषा**

| क्र. सं. | ग्राहकको नाम(फर्म र प्रोपराईटको नाम/कम्पनी तथा संचालकको नाम) | फाइल न. | आई.डी न. | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | साँवा रकम रु | मिति २०८३/०६/०८ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लामा होटल ( प्रो. सुबार स्याङदन) | १०३४९ | १२९४३७९ | चित्रमान स्याङदन | मखन सिङ | धनुषाधाक न.पा ९ | व्यापार कर्जा | ३०००००0।00 | ९९१,४४३।00 | ३,९९१,४४३।00 |
| २ | सुनिल कुमार महतो | ११३६९ | ५५२४६८५ | जगदेव महतो कोइरी | दयाराम महतो | मिथिला न.पा ८ | सरल कृषि कर्जा | १,९००,०००।०० | ६२,७०२।३० | १,९६२,७०२।३० |
| ३ | राम एकबाल महतो | ११२०८ | ५४९८६५९ | जुलुम महतो कोइरी | माजी महतो | बटेश्वर गा.पा. ४ | घरायसी कर्जा | ३५०,०००।०० | २०,३४५।०० | ३७०,३४५।०० |
| ४ | राम एकबाल महतो | ११२०८ | ५४९८६५९ | जुलुम महतो कोइरी | माजी महतो | बटेश्वर गा.पा. ४ | सरल कृषि कर्जा | २,०००,०००।०० | ७६,४३०।१८ | २,०७६,४३०।१८ |
| ५ | बिजय कुमार साह तेली | ११३५२ | ५४८४८८२ | फेल्गुन साह | राम लखन साह | क्षरेश्वर न.पा. ९ | सरल कृषि कर्जा | २,०००,०००।०० | ५१,२३८।०० | २,०५१,२३८।०० |
| ६ | श्याम कुमारी मगर | १०९२९ | ५००३८७१ | शिव बहादुर मगर | मकर बहादुर मगर | मिथिला न.पा ५ | सरल कृषि कर्जा | ७७५,०००।०० | ६८,१८१।२२ | ८४३,१८१।२२ |
| ७ | एक बहादुर बस्नेत | १०६८४ | १५२८१८२ | लाल बहादुर बस्नेत | गगन सिंह बस्नेत | मिथिला न.पा ९ | सरल कृषि कर्जा | १५००००० | ३२,३९६।०० | १,५३२,३९६।०० |
| ८ | बिनोद कुमार ठाकुर | ८०६३ | ६८२५८७ | बिशेशवर प्रसाद ठाकुर | मधु ठाकुर | बटेश्वर गा.पा. ४ | सरल कृषि कर्जा/ घरायसी कर्जा | २,८००,०००।०० | १०३,२५१।०० | २,९०३,२५१।०० |
| ९ | बिमला कुमारी श्रेष्ठ | ५७८१ | ६८०८५७ | सन्तमान श्रेष्ठ | बाबुलाल श्रेष्ठ | मिथिला न.पा ९ | सरल कृषि कर्जा | ९५०,०००।०० | २१,४९७।८३ | ९७१,४९७।८३ |
| १० | महेन्द्र गोहीवार यादव | ७२९४ | ६८०४१७ | जिवछ गोहीवार यादव | हितलाल गोहीवार यादव | यज्ञभूमि ४ | सरल कृषि कर्जा | ७३०,०००।०० | १२,०२५।५० | ७४२,०२५।५० |
| ११ | मिथिला कृषि फार्म (प्रो. रन्जित कुमार महतो) | १०८६६ | ६८०४१७ | अरुण कुमार महतो | कुशेश्वर महतो | मिथिला न.पा ६ | सहुलियत कर्जा, एग्रो प्रोडक्सन कर्जा | ९,५५१,१४५।०० | ४१५,५६३।०० | ९,९६६,७०८।०० |
| १२ | न्यू पुजा मत्सय कृषि तथा पशुपालन फार्म(शोभा कुमारी महतो) | ११३५३ | ५५१९९३७ | मनोज कुमार महतो | बिशेश्वर महतो | मिथिला न.पा ८ | सरल कृषि कर्जा | १७००००0।00 | ५१८९७६ | १,७५१,८९७६० |
| १३ | प्रमोद कुमार महतो | १०२०२ | ६८१०२८ | बचकुन महतो | मंगल महतो | मिथिला न.पा ८ | सरल कृषि कर्जा/ व्यक्तिगत ओ.डी | ३४९००००।०० | ३९०,४९९।९७ | ३,८८०,४९९।९७ |
| १४ | भरतपुर कन्द्योकसन( प्रो.मनोज कुमार साह) | १०४५० | १०८३८२० | बेचन साह | संगम साह | गणेशमान चारनाथ न.पा.१. | व्यापार कर्जा | २,९६१,८९५।३३ | ९४,०४९।६६ | ३,०५५,९४४।९९ |
| १५ | जगदिश महतो कोइरी | १११६२ | ५४५१४१८ | सरजग महतो | प्रभू महतो | बेंगाडावर गा. पा.१ | सरल कृषि कर्जा | २००००००।०० | ५९,२७८।०० | २,०५९,२७८।०० |
| १६ | भगवती देवी | १००९१ | ६८०४३३ | गुदारी ठाकुर | कुशेश्वर ठाकुर | मिथिला न.पा ८ | सरल कृषि कर्जा | १५००००0।00 | ९७,४६८।५७ | १,५९७,४६८।५७ |
| १७ | गायत्री कस्मेटीक एण्ड जेनेरल स्टोर्स( प्रो.कृष्ण कुमार काप्छाकी) | ११३२४ | ५५१५४०० | तुलवीर काप्छाकी | दाल बहादुर काप्छाकी | मिथिला न.पा ६ | व्यापार कर्जा | २००००००।०० | २१९,६६४।८३ | २,२१९,६६४।८३ |
| १८ | शिव कुमारी देवी महतो | १०९९२ | ५३९४३०३ | फुलेश्वर महतो कोइरी | सितइ महतो | धनुषाधाक न.पा ५ | सरल कृषि कर्जा | ८००,०००।०० | ३५,३६१।१४ | ८३५,३६१।१४ |
| १९ | लबकुश कृषि तथा पशुपालन फर्म( प्रो.रामकली कुमारी) | ११००९ | ५४१५८०० | बेचन महतो | गोसाई महतो | मिथिला न.पा ८ | एग्रो प्रोडक्सन कर्जा | २३००००0।00 | २१२,०१४।५३ | २,५१२,०१४।५३ |
| २० | जितेन्द्र किराना पसल (प्रो. महेन्द्र साह) | १०३४७ | ६८१३६५ | सोनेलाल साह | पञ्चु साह | मिथिला न.पा ९ | व्यापार कर्जा | ७०००००।०० | ९३,८४३।०० | ९३,८४३।०० |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

## मेची भन्सारः दुई अर्ब ८३ करोड राजस्व सङ्कलन

भद्रपुर । मेची भन्सार कार्यालय काँकरभिट्टाले चालु आर्थिक वर्षको पहिलो दुई महिनामा रु दुई अर्ब ८३ करोड ३३ लाख ७५ हजार राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले साउन र भदौ महिनाका लागि कुल रु तीन अर्ब सात करोड ५० लाख राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरेको थियो । निर्धारित लक्ष्यको ९२.१४ प्रतिशत राजस्व सङ्कलन भएको जनाइएको छ ।

कार्यालयका अनुसार साउनमा रु एक अर्ब ४३ करोड ५० लाख लक्ष्य राखिएकामा रु एक अर्ब २७ करोड ९८ लाख ३७ हजार राजस्व सङ्कलन भएको थियो । भदौमा रु एक अर्ब ६४ करोड लक्ष्य रहेकामा रु एक अर्ब ५५ करोड ३५ लाख ३८ हजार सङ्कलन भएको छ ।

भदौमा साउनको तुलनामा राजस्व सङ्कलनमा सुधार आएको कार्यालयले जनाएको छ । रासस

# लिट्मसको 'पावर पार्टनर्स मिट' सम्पन्न

**टुडे समाचारदाता**

काठमाडौं । नेपालको ऊर्जा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवालालाई एउटै मञ्चमा ल्याउदै लिट्मस इन्डस्ट्रिज लिमिटेडले काठमाडौंमा पहिलोपटक 'लिट्मस पावर पार्टनर्स मिट २०२६' आयोजना गरेको छ ।

'साथ, सम्बन्ध र विश्वास' भन्ने नारासहित आयोजित कार्यक्रममा जलविद्युत् तथा सौर्य ऊर्जा विकासकर्ता, ईपीसी कम्पनी, इन्जिनियरिङ तथा परामर्श क्षेत्रका प्रतिनिधि, खरिदसम्बन्धी विज्ञ र ऊर्जा उद्योगसँग सम्बन्धित संस्थाका प्रतिनिधिहरू सहभागी थिए ।

कार्यक्रममा नेपालको ऊर्जा क्षेत्रमा भइरहेका पछिल्ला विकास, पूर्वाधार निर्माणका चुनौती तथा आगामी सम्भावनाबारे छलफल गरिएको थियो । सहभागीहरूले ऊर्जा उत्पादनदेखि प्रसारण तथा वितरणसम्मको सम्पूर्ण मूल्य शृंखलामा सहकार्य विस्तार, प्रविधिको प्रयोग र उत्पादनको गुणस्तरलाई प्राथमिकता




दिनुपर्नेमा जोड दिए ।

विशेषगरी प्रसारण तथा वितरण पूर्वाधारलाई थप भरपर्दो र दिगो बनाउन गुणस्तरीय उत्पादन तथा नयाँ प्रविधिको भूमिका महत्वपूर्ण हुने विषयमा छलफल भएको कम्पनीले जनाएको छ । आयोजना विकास, प्राविधिक कार्यान्वयन, नवीन प्रविधि र विभिन्न पक्षबीचको सहकार्यलाई थप मजबुत बनाउने विषयमा समेत सहभागीहरूले धारणा राखेका थिए ।

कार्यक्रमका अवसरमा लिट्मस इन्डस्ट्रिजले आफ्ना विद्यमान उत्पादन तथा समाधानबारे जानकारी दिँदै नेपाली बजारका लागि एचटीएलएस र एल-५९ कन्डक्टर सार्वजनिक गरेको छ ।

कम्पनीका अनुसार नयाँ कन्डक्टर प्रविधिले बदलिँदो ऊर्जा पूर्वाधारको आवश्यकता सम्बोधन गर्न सहयोग पुऱ्याउनेछ । विशेषगरी प्रसारण तथा वितरण प्रणालीमा क्षमता र कार्यसम्पादन सुधारका लागि नयाँ प्रविधिको प्रयोग विस्तार गर्न सकिने कम्पनीको भनाइ छ ।

लिट्मस इन्डस्ट्रिजका प्रबन्ध निर्देशक रोहित गुप्ताले नेपालको ऊर्जा क्षेत्रको विकासका लागि विभिन्न पक्षबीच दीर्घकालीन साझेदारी आवश्यक रहेको बताए ।

नेपालको ऊर्जा क्षेत्र तीव्र रूपमा विस्तार भइरहेका बेला भरपर्दो तथा दिगो विद्युत् पूर्वाधार निर्माण गर्न उत्पादक, आयोजना विकासकर्ता, ईपीसी कम्पनी, परामर्शदाता र अन्य औद्योगिक क्षेत्रबीच सहकार्य अपरिहार्य रहेको उनको भनाइ थियो ।

रमेश कर्पअन्तर्गत सन् १९७७ मा स्थापना भएको लिट्मस इन्डस्ट्रिज नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादन गर्दै आएको कम्पनी हो । कम्पनीले विद्युत् प्रसारण, वितरण, पूर्वाधार, निर्माण तथा औद्योगिक क्षेत्रमा प्रयोग हुने विभिन्न उत्पादन गर्दै आएको जनाएको छ ।

कम्पनीले एल्युमिनियम तथा मिश्र धातुका रडसमेत उत्पादन गर्दै आएको छ । पाँच दशकभन्दा लामो उत्पादन अनुभवका आधारमा प्रविधि, गुणस्तर र उत्पादन क्षमतामा निरन्तर सुधार गर्दै आएको कम्पनीको दाबी छ ।

## आर्थिक गणनाः

# लगत प्रशोधन प्रक्रिया सुरु

काठमाण्डु । राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक गणनामा सहभागी व्यावसायिक प्रतिष्ठानको लगत प्रशोधन प्रक्रिया धमाधम अगाडि बढाएको छ ।

गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले प्रविष्टि गरिएको तथ्याङ्कमा रहेका गल्ती, दोहोरिएका विवरण तथा नमिलेका अङ्कलाई सच्याएर गुणस्तर सुनिश्चित गरिने जानकारी दिनुभयो ।




लगत प्रशोधन प्रक्रियालाई अत्यन्त महत्त्वपूर्ण र संवेदनशील कार्यका रूपमा लिइन्छ । सङ्कलन गरिएको तथ्याङ्कलाई सही, परिमार्जित र उपयोगी बनाउन यो प्रक्रिया विभिन्न चरणमा सम्पन्न गरिन्छ । आर्थिक गणनामा १३ लाख ६६ हजार व्यावसायिक प्रतिष्ठान सहभागी भएका थिए । गत वैशाख २ गतेदेखि असार ७ गतेसम्म आर्थिक गणना भएको थियो ।

प्रतिष्ठानलाई तिनीहरूको प्रकृतिका आधारमा औद्योगिक, व्यापारिक, सेवामूलक अन्तरराष्ट्रिय वा राष्ट्रिय मापदण्डअनुसार कोडिङ गरिने छ । यस्तै, कागजी वा डिजिटल फारमलाई केन्द्रीकृत सफ्टवेयर वा डेटाबेसमा प्रविष्टि गर्ने काम भइरहेको निर्देशक डा ढकालले उल्लेख गर्नुभयो ।

करिब दुई लाख व्यावसायिक प्रतिष्ठानको तथ्याङ्क प्रविष्ट गरिएको छ भने करिब छ लाख प्रतिष्ठानको कोडिङ सम्पन्न गरिसकिएको छ । व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानको सङ्ख्या अलगअलग गणना गरी समावेश गरिनेछ ।

तथ्याङ्क प्रविष्टलगायत कार्यका लागि २०० जनशक्ति व्यवस्थापन गरिएको छ । सो प्रतिवेदन तयार भएपछि देशको आर्थिक विकासका लागि महत्त्वपूर्ण तथ्याङ्क प्राप्त हुने अपेक्षा गरिएको छ । रासस

# ओम शिवम पाइपको प्राविधिक भेटघाट, ७ लाखको बीमा सुविधा

**टुडे समाचारदाता**

मलंगवा । ओम शिवम पाइप एण्ड फिटिङ्सले सर्लाहीको मलंगवामा प्राविधिक तथा प्लम्बरहरूसँग अन्तरक्रिया गरेको छ । सो कार्यक्रममा स्थानीय प्राविधिक तथा प्लम्बरहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा लक्ष्मी टेक्नोप्लास्ट लिमिटेडका नायब महाप्रबन्धक बिक्रम खतीवडाले कम्पनीको बजार विस्तार र उत्पादनको पहुँच बढाउन प्राविधिकहरूको भूमिका महत्वपूर्ण रहेको बताए । उनले प्राविधिकको आवश्यकता र समस्यामा कम्पनीले निरन्तर साथ दिने प्रतिबद्धता जनाए ।

खतीवडाले सहभागी प्राविधिकको सुरक्षा र सामाजिक सुरक्षालाई ध्यानमा राख्दै प्रति व्यक्ति ७ लाख रुपैयाँ बराबरको बीमा सुविधा उपलब्ध गराइएको जानकारी दिए ।

गुणस्तरीय पाइप तथा फिटिङ्स उत्पादनसँगै डिलर, वितरक र प्राविधिकसँग दीर्घकालीन सम्बन्ध निर्माणलाई कम्पनीले प्राथमिकता दिएको उनको भनाइ थियो । कम्पनी र प्राविधिकबीचको सम्बन्ध व्यापारमा मात्र सीमित नभई विश्वास, सहकार्य र दीर्घकालीन साझेदारीमा आधारित हुनुपर्ने उनले बताए ।

कार्यक्रममा मलंगवाका वितरक नगेन्द्र साहले ओम शिवमका उत्पादनको गुणस्तरका कारण आफू कम्पनीसँग जोडिएको बताए । बजारमा कम्पनीका उत्पादनप्रति ग्राहक र प्राविधिकको विश्वास बढ्दै गएको उल्लेख गर्दै उनले आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिने बताए ।

त्यस्तै, सर्लाहीका बजार प्रतिनिधि सुमन खतीवडाले प्राविधिक तथा ग्राहकका आवश्यकता सम्बोधन गर्न आफू निरन्तर सक्रिय रहने बताए । बजारमा देखिएका समस्या तथा प्राविधिकबाट प्राप्त सुझाव कम्पनीसम्म पुऱ्याएर समाधानका लागि पहल गर्ने उनको प्रतिबद्धता थियो ।

अन्तरक्रियाका क्रममा सहभागी प्राविधिकहरूले ओम शिवम पाइपका उत्पादनको गुणस्तर, प्रयोगका प्राविधिक पक्ष तथा बजारमा उपलब्ध सेवाबारे आफ्ना अनुभव र सुझाव राखेका थिए ।

कम्पनीले प्राविधिक, डिलर तथा वितरकसँगको सम्बन्धलाई थप सुदृढ गर्ने उद्देश्यले विभिन्न बजारमा यस्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ । आगामी दिनमा पनि प्राविधिकको सुझाव र बजारको आवश्यकताका आधारमा सेवा तथा उत्पादनलाई थप प्रभावकारी बनाउने कम्पनीको योजना छ ।

# जिब्रो छेड्ने श्रेष्ठलाई रु दुई लाखसहित सम्मान

भक्तपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले ऐतिहासिक जिब्रो छेड्ने परम्पराको संरक्षणमा योगदान दिएको भन्दै वीरेन्द्र कसजू श्रेष्ठलाई रु दुई लाख नगदसहित सम्मान गर्नुभएको छ । श्रेष्ठले पाँचौंपटक जिब्रो छेड्नुभएको हो ।



थिमिमा आइतबार आयोजित कार्यक्रममा मुख्यमन्त्री थापाले श्रेष्ठलाई नगदसहित सम्मानपत्र प्रदान गर्नुभएको हो । प्रदेश सरकारले ऐतिहासिक जिब्रो छेड्ने जात्रा संरक्षण तथा जिब्रो छेड्ने व्यक्तिलाई प्रोत्साहनस्वरुप उक्त रकम प्रदान गरेको जनाएको छ ।

सो अवसरमा प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो । मुख्यमन्त्री थापाले ऐतिहासिक कला, संस्कृति, मूर्त तथा अमूर्त सम्पदासँगै जात्रा तथा पर्वको संरक्षणमा प्रदेश सरकारले समन्वय र सहयोग गर्ने बताउनुभयो । रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस विकास बैंकको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०६/२७ गते/स्थान : शाखा कार्यालय रुपनी, सप्तरी | २०८३/०६/२९ गते, बिहीबार दिनको ३ बजे |

**क्र.सं. शाखा कार्यालय : रूपनी, सप्तरी**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : रघुविर शान्ति सिमरा गृल उद्योग**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी
दर्ता नं. ७५०४/०७२/७३, दर्ता मिति : २०७३/०१/१५, पान नं. ६०५४२६६३६, दर्ता मिति : २०७३/०८/०२
ठेगाना : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ११, **प्रोप्राईटर : देवनन्दन विश्वकर्मा**

**जमानतकर्ताको विवरण**

| १. नाम : देवनन्दन विश्वकर्मा | २. नाम : रिता विश्वकर्मा |
|---|---|
| ना.प्र.नं. १६२००४/३०, जि.प्र.का. सप्तरी | ना.प्र.नं. १०४२/१५६२३७, जि.प्र.का. सुनसरी |
| जारी मिति : २०६४/०७/२० | जारी मिति : २०६७/०७/२९, |
| बाबुको नाम : रघुविर कामी | पतिको नाम : देवनन्दन विश्वकर्मा |
| बाजेको नाम : लक्ष्मण कामी | ससुराको नाम : रघुविर कामी |
| ठेगाना : सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ८ | ठेगाना : सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ३ |
| हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ३ | हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ३ |

**धितोको विवरण**

देवनन्दन विश्वकर्माको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-१० (बि.क.धु.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : पंकज कुमार यादव**
ना.प्र.नं. १६-०१-७२-०२४५६, जि.प्र.का. सप्तरी, जारी मिति : २०७२/०३/१६
बाबुको नाम : छोटे लाल यादव, बाजेको नाम : मोती लाल यादव
ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८, हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. १

**जमानतकर्ताको विवरण**

| १. नाम : छोटेलाल यादव | २. नाम : अर्विन्द्र कुमार यादव |
|---|---|
| ना.प्र.नं. ७९०३३७३५, जि.प्र.का. सप्तरी | ना.प्र.नं. १६१०६१/२२२, जि.प्र.का. सप्तरी |
| जारी मिति : २०४३/११/०६ | जारी मिति : २०६७/०४/२६ |
| बाबुको नाम : मोती लाल यादव | बाबुको नाम : छोटे लाल यादव |
| बाजेको नाम : शंकर यादव | बाजेको नाम : मोती लाल यादव |
| ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८ | ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८ |
| हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. १ | हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. १ |

**धितोको विवरण**

छोटेलाल यादवको नाममा मालपोत कार्यालय सप्तरी राजविराजमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, नकटीरायपुर गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. १२२१ र १२२३ को क्षेत्रफल क्रमशः ०-०-१४-० र ०-१-१६-० (बिगाहा), नकटीरायपुर गा.वि.स. वडा नं. ६ क स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-९-१०-० (बिगाहा) र नकटीरायपुर गा.वि.स. वडा नं. ८ ग स्थित कित्ता नं. ५८६ र ६४४ को क्षेत्रफल क्रमशः ०-२-१६-० र ०-१-१०-० (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२/१३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**
**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**
**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०७/२७ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८३/०१/१७ र २०८३/०२/०८ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले पुनः तेश्रो पटक यो ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७५/०७/१४ गते दर्ता नं. ३०१५/०७५/०७६ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७५/०७/१४ मा स्थायी लेखा नम्बर (PAN) ६०८६८७३९१ अन्तर्गत दर्ता कायम भएको **दिब्या हार्डवयर** ।

**प्रोप्राइटर : दुर्गा प्रसाद बराल**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. राम प्रसाद बरालको नाति, हरि प्रसाद बरालको छोरा, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. २ बस्ने **दुर्गा प्रसाद बराल** (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली) । | २. हरि प्रसाद बरालको बुहारी, दुर्गा प्रसाद बरालको पत्नी, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ बस्ने **रन्जु कुमारी बराल (चौलागाई)** (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली) । |

**धितोको विवरण**

१. दुर्गा प्रसाद बराल (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४८, १४९, २२३ र १०६ को क्षेत्रफल क्रमशः १-१-१६-०, ०-३-०-०, ०-१-२-० र ०-५-०-० (बि.क.धु.क.) बमोजिमको घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. रन्जु कुमारी बराल (चौलागाई) (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १७१, १८४ र ३५८ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-२-०-० र ०-९-१६-२ (बि.क.धु.क.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. दिब्या हार्डवयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०६/१९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/२० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय बर्दिबास, महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
Website : www.siddharthabank.com



## भूमि प्रशासन कार्यालय जनकपुरधाम धनुषा
## हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. मानसिंहपट्टी भवानीपट्टी वडा नं. ४ हाल परिवर्तित जनकपुरधाम उप-महानगरपालिका वडा नं. १७ मा बस्ने रामधारी यादवको नाती मनजर यादवको छोरा रामरतन यादवले मेरो नाउमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स. मानसिंहपट्टीका तपसिल बमोजिमका जग्गाको स्रेस्ता जीर्ण भएकोले स्रेस्ता कायम गरी पाउँ भनी द.नं. ३४९४ मिति २०८३/०५/२६ को माग निवेदन रहेकोले हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी म्याद व्यतित भएपछि स्थलगत सर्जमिन गरी प्रतिवेदन सहित पेश गर्नु भन्ने आदेश मिति २०८३/०६/०६ गतेको आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः तपसिलमा उल्लेखित जग्गाहरू निवेदकको नाउँमा जग्गाधनी दर्ता स्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गर्दा निवेदकहरू बाहेक अन्य कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू बाहेक अन्य कोही व्यक्तिको हक लाग्ने जग्गा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफूसँग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएका जग्गामा दाबि उजुरी गर्न यस कार्यालयमा आउनु होला । सूचनाको म्याद भित्र दाबी उजुरी नपरी म्याद समाप्त भएमा कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | मानसिंहपट्टी | ६ | ६५ | ०-५-१५ | स्रेस्ता जीर्ण भई च्यातिएको । |
| धनुषा | मानसिंहपट्टी | ६ | ७२ | ०-२-० | |
| धनुषा | मानसिंहपट्टी | ४ख | ३९ | ०-२-० | |
| धनुषा | मानसिंहपट्टी | ४ख | ४० | ०-२-१४ | |
| धनुषा | मानसिंहपट्टी | ६ | ८७ | ०-२-१५ | |
| धनुषा | मानसिंहपट्टी | ६ | ५०६ | ०-१-१७-८ | |
| धनुषा | मानसिंहपट्टी | ४क | ६५०/१०३८ | ०-१-५-४ | |
| धनुषा | मानसिंहपट्टी | ४क | २४० | ०-५-१० | |
| धनुषा | मानसिंहपट्टी | ४क | ५८६ | ०-३-० | |

# प्रमुख प्रशाकीय अधिकृत माग गर्दै नगरपालिकामा तालाबन्दी




टुडे समाचारदाता

जलेश्वर । गत ४५ दिनदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा नगरपालिकाको प्रशासनिक तथा सेवा प्रवाह प्रभावित भएको भन्दै महोत्तरीको भंगहा नगरपालिकाका मेयर सञ्जीव कुमार साहले नगरपालिका कार्यालय तथा सबै वडा कार्यालयमा तालाबन्दी गरेका छन् ।

सम्बन्धित निकायलाई दबाब दिने उद्देश्यले नगर प्रमुख साहले सोमबार नगरपालिका कार्यालय तथा वडा कार्यालयमा तालाबन्दी गरेका हुन् । तालाबन्दीपछि उनले कार्यालयका चाबी महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई हस्तान्तरण गरेका छन् ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिकाको नियमित प्रशासनिक तथा वित्तीय कामकाज प्रभावित मात्रै होइन कर्मचारी तथा पदाधिकारीको तलब भत्ता, सेवा सुविधाको भुक्तानी, विकास निर्माणसँग सम्बन्धित काम तथा नागरिकलाई उपलब्ध गराउनुपर्ने नियमित सेवासमेत प्रभावित भएको कारण बाध्य भएर पालिकामा तालाबन्द गर्नुपरेको मेयर साहले बताएका छन् ।

उनले मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएका कर्मचारी लामो समयसम्म कार्यालयमा हाजिर नहुँदा नगरपालिका प्रशासनिक रूपमा नेतृत्वविहीनजस्तै बन्न पुगेको बताए । चाडपर्व नजिकिँदै गएको अवस्थामा कर्मचारी तथा पदाधिकारीले पाउनुपर्ने तलब भत्ता समेत पाउन नसक्ने अवस्था रहेकाले यसलाई तत्काल समाधान गर्न मेयर साहले माग गरे ।

'नगरपालिकामा ४५ दिनदेखि प्रमुख प्रशासकीय अधिकृत छैनन् । मन्त्रालयले कर्मचारी खटाइसकेको छ । तर, उहाँ हाजिर हुनुभएको छैन । पटकपटक सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि समस्या समाधान नभएपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको हो,' नगर प्रमुख साहले भने ।

उनले जनताको सेवा रोक्ने आफ्नो उद्देश्य नभएको स्पष्ट पार्दै सेवा प्रवाहलाई नियमित बनाउन नै तालाबन्दीमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउन खोजिएको बताए ।

'जनतालाई सहज र प्रभावकारी सेवा दिनका लागि प्रमुख प्रशासकीय अधिकृत आवश्यक छ । हामीले कसैलाई दुःख दिन वा कार्यालय बन्द गराउन खोजेका होइनौं । तत्काल अधिकृत पठाएर कार्यालयको काम नियमित गराउन दबाब दिएका हौं,' उनले भने ।

भंगहा नगरपालिकाका अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको स्थानीय तह कर्मचारी प्रशासन शाखाले २०८३ भदौ १ गतेको पत्रमार्फत कर्मचारी संकेत नम्बर १७९५४७ भएका खिमराज भुसाललाई भंगाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो । तर, मन्त्रालयको पत्र आएको लामो समय बितिसक्दा पनि भुसाल नगरपालिकामा हाजिर भएका छैनन् ।

उनलाई हाजिर गराउन सम्बन्धित मन्त्रालयमा पटकपटक जानकारी गराउँदै आवश्यक पहल तथा ताकेता गरिएको नगरपालिकाले जनाएको छ । प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिका कारण प्रशासनिक, वित्तीय तथा विकाससम्बन्धी काम प्रभावित भएको भन्दै नगरपालिकाले तत्काल समस्या समाधान गर्न माग गर्दै आएको थियो ।

यसअघि नगरपालिकाले तीन दिनभित्र प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएमा अति आवश्यक सेवाबाहेक सम्पूर्ण कामकाज बन्द गर्ने चेतावनीसमेत दिएको थियो । नगर प्रमुख साहले अब पनि सम्बन्धित निकायले समस्या समाधान नगरे नगरपालिकाको सेवा प्रवाहलाई नियमित बनाउने विषयमा थप कदम चाल्न बाध्य हुने चेतावनी दिएका छन् ।

### कर्मचारी सरुवामा मन्त्रीको खेलाँची

# तीन वर्ष नपुग्दै पूर्वाधार बारामा १० कार्यालय प्रमुख सरुवा

**मन्त्रीले आफू अनुकुल सेटिङका आधारमा काम गर्न गर्दै आएको कार्यालय प्रमुख सरुवाले चर्को आलोचना भइरहेको छ । ३ वर्ष नपुग्दै १०/१० वटा कर्मचारी सरुवाले मन्त्रीको नियत प्रष्टयाउँछ ।**




टुडे समाचारदाता

जनकपुरधाम । वर्षौंसम्म निजामती वा प्राविधिक कर्मचारीले एउटै कार्यालयमा बस्ने प्रवृतिका बीच मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहेका पूर्वाधार विकास कार्यालयमा तीन वर्ष नपुग्दै १० वटा कार्यालय प्रमुख फेरिएको छ ।

कार्यालय सञ्चालनको ३ वर्ष नबित्दै १०/१० वटा कार्यालय प्रमुख परिवर्तनपछि मधेश सरकारको नियतमाथि नै प्रश्न उठन थालेको छ । मन्त्रीले आफू अनुकुल सेटिङका आधारमा काम गर्न गर्दै आएको कार्यालय प्रमुख सरुवाले चर्को आलोचना भइरहेको छ । ३ वर्ष नपुग्दै १०/१० वटा कर्मचारी सरुवाले मन्त्रीको नियत प्रष्टयाउँछ ।

पछिल्लोपटक मन्त्रालयमै निमित्त प्रदेश सचिवका रूपमा कार्यरत सञ्जयप्रसाद साहलाई बारामा पठाउने निर्णय गरिएको छ । प्रदेश सरकारको भदौ २५ गतेको निर्णयअनुसार साहलाई उक्त कार्यालयको जिम्मेवारीमा खटाइएको हो ।

२०८० भदौ २० गते जिल्लाको सदरमुकाम कलैयामा पूर्वाधार विकास कार्यालय स्थापना हुँदा राजेन्द्र साहलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइएको थियो । एक वर्ष ३ महिना १५ दिन काम गरेपछि उनलाई सरुवा गरियो । त्यसपछि कार्यालय प्रमुख खेलाँचीको क्रम बढेको हो । ०८१ फागुन ४ गते ओमकुमार साह कार्यालय प्रमुखका रूपमा हाजिर भए । तर, उनलाई १५ दिनसम्म पनि बस्न नदिदैं मन्त्रालयले फागुन २१ गते सरुवा गरी पुनः राजेन्द्र साहलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइयो ।

राजेन्द्र साहले जिम्मेवारी सम्हालेको दुई महिना नबित्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नारायणी अस्पतालको आकस्मिक कक्ष भवन निर्माणको ठेक्का प्रक्रियामा १ करोड ८४ लाख ३८ हजार ४ सय ५८ रुपैयाँ अनियमितता गरेको आरोपमा तत्कालीन निमित्त प्रमुख साहसहित ९ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएपछि साह निलम्बनमा परे ।

साह निलम्बनमा परेपछि २०८२ जेठ ४ गते रिम्पुकुमारी यादवलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइयो । तर, उनलाई पनि चार महिनामा पनि बस्न नदिँदै मन्त्रालयले सरुवा गरी सञ्जयकुमार यादवलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइयो । सञ्जयकुमार यादव पनि २१ दिनमै सरुवा भएपछि मन्त्रालयले २०८२ कात्तिक २ गते पुनः ओमकुमार साहलाई कार्यालय प्रमुखको पठायो ।

साहले करिब ६ महिना अर्थात् २०८२ चैत १० गतेसम्म जिम्मेवारी सम्हाले । सोही क्रममा राजेन्द्र साह अदालतबाट सफाई पाएपछि पुनः निमित्त कार्यालय प्रमुखको रूपमा जिम्मेवारी दिइयो । तर, उनले पनि २० दिनभन्दा बढी काम गर्न पाएनन् । संघीय सरकारले अन्तरप्रदेश सरुवा गरेपछि २०८३ वैशाख २२ गते हेमन्तलाई कार्यालयको जिम्मेवारी दिइयो ।

हेमन्तले आफूले कार्यालयको जिम्मेवारी सम्हाल्न नसक्ने भन्दै मधेस प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भौतिक पूर्वाधार विकास मन्त्रालयलाई लिखित जानकारी गराएपछि मन्त्रालयले २०८३ जेठ २५ गते पुनः ओमकुमार साहलाई नै पुनः कार्यालय प्रमुखको जिम्मेवारीमा दिएर पठायो । आर्थिक वर्षको अन्तिम समयमा कार्यालयमा हाजिर भएका साहले विकास निर्माणसँग सम्बन्धित काम अघि बढाए पनि केही समयमै पुनः सरुवा गरियो ।

अहिले मन्त्रालयले उनलाई समेत हटाएर निमित्त प्रदेश सचिवका रूपमा कार्यरत सञ्जयप्रसाद साहलाई बाराको पूर्वाधार विकास कार्यालयमा पठाउने निर्णय गरेको हो । मन्त्री र मन्त्रालयको आफू अनुकूल हित सोचेर हुने सरुवाले सेटिङ लगातार हुने नेतृत्व परिवर्तनले कार्यालयको प्रशासनिक निरन्तरता, योजना कार्यान्वयन र विकास निर्माणको गुणस्तरमा प्रत्यक्ष असर पर्न सक्ने अवस्था देखिएको छ ।

## एक महिनामै विपद्मा परेर १४ सय बढीको मृत्यु

टुडे समाचारदाता

काठमाण्डू । गत एक महिनाको अवधिमा घटेका दुईवटा ठूला प्राकृतिक विपद्का घटनामा परेर १४ सय २७ जनाभन्दा बढीको मृत्यु भएको छ भने हजारौं नागरिक बेपत्ता भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भदौ १० गते रसुवाको भोटेकोशी लगायतका नदी क्षेत्रमा आएको आकस्मिक बाढी र असोज ८ देखि ११ गतेसम्म चार दिन चलेको लगातारको अविरल वर्षाका कारण ठूलो मानवीय तथा भौतिक क्षति भएको हो ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतले दिएको जानकारी अनुसार गत भदौ १० गते ल्हेन्दे खोलामा आएको बाढीले भोटेकोशी, त्रिशुली र नारायणी नदी तटीय क्षेत्रमा ठुलो तबाही मच्चाउँदा १३ सय ९९ जनाको मृत्यु भएको छ भने अझै ४ हजार ८९ जना सम्पर्कविहीन छन् ।

उक्त बाढीले रसुवा, नुवाकोट, धादिङ र गोरखाका १५ वटा स्थानीय तह प्रभावित बनाएको थियो । फेला परेका शवमध्ये १०३ वटाको मात्र पहिचान खुलेको छ भने पहिचान हुन नसकेका १२ सय ३० वटा शव विधिपूर्वक व्यवस्थापन गरिएको छ । बेपत्ता नागरिकहरूको खोजी र पहिचानका लागि प्रहरी र प्रयोगशालाहरूले मृतकका आफन्त र शवबाट संकलन गरिएका ३ हजारभन्दा बढी नमुनाहरूको डीएनए परीक्षण गरिरहेका छन् ।

यसैगरी, बंगालको खाडीमा उत्पन्न न्यून चापीय प्रणालीका कारण असोज ८ गतेदेखि सुरु भएको भारी वर्षापछिको बाढी र पहिरोमा पर थप २७ जनाको ज्यान गएको छ भने ४ जना बेपत्ता र ७ जना घाइते भएका छन् ।

यस विपद्बाट देशभरका ५१३ वटा घटनामा १०६५ परिवार प्रभावित भएका छन् भने जोखिमयुक्त क्षेत्रका करिब २ हजार मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको थियो ।

# हुँकार मधेशले सहजकर्ता र प्रवक्ता तोके




टुडे समाचारदाता

जनकपुरधाम । संगठन विस्तारको क्रममा रहेका हुंकार मधेशले अभियानलाई संस्थागत रूपमा अघि बढाउन सहजकर्ता र प्रवक्ता तोकेको छ ।

हुंकार मधेशको केन्द्रीय अभियान बैठकले संविधानसभा सदस्य रामकुमार कश्यपलाई सहजकर्ता र केशव कुमारलाई प्रवक्ताको जिम्मेवारी दिएको हो ।

संगठनको औपचारिक केन्द्रीय संरचना निर्माण हुनुअघि अभियानका गतिविधिलाई समन्वय, सहजीकरण तथा सम्पर्कका माध्यमबाट व्यवस्थित रूपमा अघि बढाउने उद्देश्यले दुई जनालाई जिम्मेवारी तोकिएको हुंकार मधेशले जनाएको छ ।

हुंकार मधेशका अनुसार सहजकर्ताको जिम्मेवारी पाएका कश्यपले अभियानसँग जोडिएका विभिन्न पक्षबीच समन्वय तथा सहजीकरण गर्नेछन् भने प्रवक्ता केशव कुमारले संगठन तथा अभियानका गतिविधिबारे आधिकारिक धारणा सार्वजनिक गर्नेछन् ।

हुंकार मधेशले यसअघि घोषणा गरेको सय दिने मेची-महाकाली हुलाकी यात्रा तथा पुनर्जागरण अभियान सम्पन्न गरेपछि संगठनको केन्द्रीय संरचना निर्माण गर्ने तयारी गरेको छ । अभियानमार्फत विभिन्न क्षेत्रका नागरिक तथा समुदायसँग प्रत्यक्ष सम्पर्क र संवाद गर्दै संगठन विस्तारको आधार तयार गर्ने तयारी अघि बढाइएको जनाइएको छ ।

अभियानपछि संयोजकसहितको केन्द्रीय संरचना निर्माण गरी संगठनलाई थप व्यवस्थित रूपमा अघि बढाउने योजना रहेको हुंकार मधेशले जनाएको छ । त्यसका लागि प्रारम्भिक चरणमा समन्वय र सञ्चारको जिम्मेवारीसमेत तोकिएको हो । हुंकार मधेशका प्रवक्ता केशव कुमारद्वारा जारी विज्ञप्तिमा अभियानका विभिन्न विभाग तथा जिम्मेवारीसमेत छिट्टै निर्धारण गरी सार्वजनिक गरिने उल्लेख छ ।

विज्ञप्तिअनुसार आगामी दिनमा संगठनको संरचना विस्तारसँगै विभिन्न विभागलाई जिम्मेवारी प्रदान गरिनेछ । त्यसपछि अभियानका गतिविधिलाई संस्थागत गर्दै हुंकार मधेशको केन्द्रीय संरचनालाई पूर्णता दिने तयारी गरिएको छ ।

# पर्सा ४ कांग्रेसमा यादव चयन



टुडे समाचारदाता

वीरगञ्ज । नेपाली कांग्रेस पर्सा क्षेत्र नं ४ को क्षेत्रीयसभापतिमा श्रीकान्तप्रसाद यादव पुनः दोश्रो कार्यकालका सर्वसम्मत चयन भएका छन् ।

जगरनाथपुर गाउँपालिका-५, मसिहानीमा सम्पन्न क्षेत्रीय अधिवेशनले यादवलाई दोस्रो कार्यकालका लागि क्षेत्रीय सभापतिमा जगरनाथपुर गाउँपालिकाका अध्यक्ष यादवलाई सर्वसम्मत चयन गरिएको हो ।

त्यसैगरी, अधिवेशनबाट क्षेत्रीय सचिवमा बलिष्टर अहमद र सहसचिवमा सञ्जय चौधरी पनि पुनःसर्वसम्मत चयन भएका छन्। कांग्रेसको १५औं महाधिवेशनका लागि क्षेत्र नं ४ बाट महाधिवेशन प्रतिनिधिमा पूर्वउद्योगमन्त्री रमेश रिजाल, मधेस प्रदेश सरकारका वनमन्त्री शङ्कर चौधरी, कांग्रेस पर्साका जिल्ला सहसचिव नवीन सिंह, तबरेज अहमद, सहरुम राउत गदी, किशोरीप्रसाद कानु, पञ्चानन्द मिश्र, रेखा चौधरी, गोमा उपाध्याय,गीता विष्ट र शोभा शर्मा सर्वसम्मत चयन भएका छन् ।

क्षेत्र नं ४ को 'क' प्रदेशसभा निर्वाचन क्षेत्रको क्षेत्रीय सभापतिमा जीवनकृष्ण सापकोटा, उपसभापतिमा मनमोहन महतो थारु, सचिवमा मुकेश महतो तथा सहसचिवमा ललिता देवी र सेवालाल महतो कोइरी चयन भएका छन् ।

'क' प्रदेशसभा निर्वाचन क्षेत्रबाट प्रदेश अधिवेशन प्रतिनिधिमा नेताहरु नवराज फुयाँल, नेपाली प्रसाद कुशवाहा, अफताब मियाँ, दीपेन्द्र चौहान, अनोज चौधरी, सुरेन्द्र महतो, केशव खड्का, रुना माझी र बबितासिंह क्षेत्रीसहित २४ जना निर्वाचित भएका छन् ।

# काठ तस्करी आरोपमा तीनजना पक्राउ

टुडे समाचारदाता

रौतहट । वन क्षेत्रबाट अवैध रूपमा सालको काठ ओसारपसार गरिरहेको आरोपमा रौतहटबाट एक जना पक्राउ परेका छन् । जिल्लाको चन्द्रपुर नगरपालिका-७ स्थित रंगपुर साझेदारी वन क्षेत्रबाट काठ तस्करी आरोपमा तिनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।


आइतबार राति चन्द्रपुर सब-डिभिजन वन कार्यालय र रंगपुर साझेदारी वनबाट खटिएको संयुक्त वन गस्ती टोलीले नयाँबस्ती कटानीदेखि उत्तरतर्फको वन क्षेत्रमा अनुगमन गर्ने क्रममा काठ ओसार पसार गरिरहेको अवस्थामा ती व्यक्तिलाई नियन्त्रणमा लिएको हो ।

वन गस्ती टोलीले घटनास्थलबाट २४.७० क्युबिक फिट परिमाणको ५ थान सालको गोलिया काठ, तीन वटा साइकल र एउटा आरा बरामद गरेको छ । पक्राउ पर्ने व्यक्ति चन्द्रपुर नगरपालिका-७ नयाँबस्ती कटानीका स्थानीय बासिन्दा रहेको वन कार्यालयले जनाएको छ ।

अनुसन्धानको प्रक्रियामा रहेकाले उनको नाम भने खुलाइएको छैन । नियन्त्रणमा लिइएका व्यक्ति, जफत गरिएको काठ तथा अन्य सामग्रीलाई थप अनुसन्धान र आवश्यक कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय रौतहटमा बुझाइएको छ । वन क्षेत्रमा हुने अवैध कटान तथा काठ चोरी-तस्करी नियन्त्रण गर्न वन कार्यालयले रातिको समयमा पनि नियमित तथा आकस्मिक गस्ती गर्दै आएको छ ।

यस काठ नियन्त्रण अभियानमा डिभिजन वन कार्यालय रौतहट, चन्द्रपुर सब-डिभिजन वन कार्यालय, रङ्गपुर साझेदारी वन, सशस्त्र प्रहरी बेस सन्तपुर, प्रहरी चौकी बनबहुअरी र प्रहरी चौकी सन्तपुरका कर्मचारीहरूले सहयोग गरेका थिए । वन कार्यालयले वन संरक्षण तथा अवैध काठ कटान र ओसारपसार नियन्त्रणका लागि आगामी दिनमा पनि गस्ती र निगरानीलाई गरिँदै आएको जनाएको छ ।

# संगठित अपराधका फरार अभियुक्त पक्राउ



टुडे समाचारदाता

लहान । सिरहा प्रहरीले डकैती, ज्यान मार्ने उद्योग, लागूऔषध, हातहतियार तथा खरखजाना र संगठित अपराध मुद्दामा फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषाको बिदेह नगरपालिका-५ झिझा टोलका करिब ४० वर्षीय 'बद्री' भन्ने अजय पासवान रहेका सिरहा प्रहरीले जनाएको छ । उनलाई विशेष सूचनाका आधारमा बुधबार साँझ सिरहा नगरपालिका-६ स्थित कमला खोलाको आसपासबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका जनाएको छ ।

प्रहरीका अनुसार पासवानसहित १२ जनाको समूहले २०८२ मंसिर २ गते राति करिब १ बजे कल्याणपुर नगरपालिका-१२ बेल्हा टोलका भोला महतोका छोरा मुकेश कुमार सिंहको घरमा हतियार देखाएर डकैती गरेको थियो ।

उक्त समूहले घरबाट नगद तथा जिन्सीसमेत गरी ९ लाख ७३ हजार ६ सय ५० रुपैयाँ बराबरको धनमाल लुटेको प्रहरीको भनाइ छ । डकैतीपछि भाग्ने क्रममा समूहले बिरेन्द्र महतो र अनिल कुमार महतोमाथि गोली प्रहार गरी घाइते बनाएको प्रहरीले जनाएको छ ।

घटनापछि समूहका सदस्यहरू फरार रहेका थिए । फरार अभियुक्तको खोजी तथा पक्राउका लागि प्रहरीले अनुसन्धान अघि बढाउँदै आएको थियो ।

यसै क्रममा विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलीले पासवानलाई सिरहा नगरपालिका-६ स्थित कमला खोलाको आसपासमा हिँडिरहेको अवस्थामा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

पक्राउ परेका पासवानलाई जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पासवानविरुद्ध डाँका, ज्यान मार्ने उद्योग, लागूऔषध, हातहतियार तथा खरखजाना र संगठित अपराधसम्बन्धी मुद्दामा अनुसन्धान सम्पन्न भई सिरहा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ ।

घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको खोजी तथा घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा आवेदन फाराम भर्ने म्याद पुन: थप सम्बन्धी

सूचना

मिति २०८३/०५/१६ गतेको सूचना अनुसार यस मधेश कृषि विश्वविधालय कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०८३/८४, चार वर्षे कृषि स्नातक तह (B. Sc. Ag. Hons.) मा बिद्यार्थी भर्नाका लागि मिति २०८३/०५/१६ गते देखि मिति २०८३/०५/३१ गते दिन बुधबारसम्म आवेदन फारम भर्ने म्याद थप रहेकोमा Online आवेदन फारम भर्ने म्याद मिति २०८३/०६/१५ गते बिहिवार राति १२:०० बजेसम्मका लागि पुन:थप गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ ।

मितव्ययी रूपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउँदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं ।
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुशी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८